"औद्योगिक वातावरण सुधार, दिगो अर्थतन्त्रको आधार"

बागमती प्रदेश सरकार

उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय

उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय

# उद्योग तथा वाणिज्य कार्यालय

धुलिखेल, काभ्रेपलाञ्चोक

## वार्षिक प्रगति पुस्तिका आ. व. २०८२/०८३




☎ ०११-४९०१५४, ४९०९७८
@ csio.kavre123@gmail.com
csiokavre.gov.np

# कार्यालयमा कार्यरत कर्मचारीहरूः



**रबिन घिमिरे**
कार्यालय प्रमुख



**मदन कुमार बजगाईं**
सहायक अधिकृत



**रुपक हुमागाईं**
लेखापाल



**जिना सेन्दाङ लिम्बु**
नायब सुब्बा



**सुजता कटुवाल**
नायब सुब्बा



**रविन्द्र प्रसाद चौलागाईं**
उद्यम विकास सहजकर्ता



**गिता पुर्कुटी**
उद्यम विकास सहजकर्ता



**पुण्यवती श्रेष्ठ**
तालिम सहजकर्ता



**सिकान्ती कुमारी साह**
कम्प्युटर अपरेटर



**मोहन कुमार सिग्देल**
कार्यालय सहयोगी



**टीकाराम खत्री**
हलुका सवारी चालक



**नविला महत**
कार्यालय सहयोगी



**विरास लामा**
कार्यालय सहयोगी

# नमूना कार्यालय शुभारम्भका झलकहरू





















# आ.व. ०८२/०८३ मा संचालित सीप विकास तालिम कार्यक्रमका झलकहरू



















# आ.व. ०८२/०८३ मा संचालित सीप विकास तालिम कार्यक्रमका झलकहरू


















# आ.व. ०८२/०८३ मा संचालित सीप विकास तालिम कार्यक्रमका झलकहरू






















# आ.व. ०८२/०८३ मा संचालित सीप विकास तालिम कार्यक्रमका झलकहरू






















# आ.व. ०८२/०८३मा भएका बजार अनुगमनका झलकहरू


















"ज्यूँदै मरेको भनि नाम कसको, उद्यम बिना बित्दछ काल जस्को "
- आदिकवि भानुभक्त आचार्य

**बागमती प्रदेश सरकार**

**उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय**

**उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय**

# उद्योग तथा वाणिज्य कार्यालय

**धुलिखेल, काभ्रेपलाञ्चोक**

## वार्षिक प्रगति पुस्तिका

## आ.व. ०८२/०८३

**प्रकाशकः**

**उद्योग तथा वाणिज्य कार्यालय**

**धुलिखेल, काभ्रेपलाञ्चोक**

**फोन नं.: ०११-४९०१५४**
**०११-४९०९७८**

**फेसबुकः उद्योग तथा वाणिज्य कार्यालय काभ्रे**

E-mail: csio.kavre123@gmail.com

Website: csiokavre.gov.np



# राष्ट्रिय गान

सयौं थुङ्गा फूलका हामी, एउटै माला नेपाली
सार्वभौम भई फैलिएका मेची महाकाली
प्रकृतिका कोटी कोटी सम्पदाको आँचल
वीरहरुका रगतले स्वतन्त्र र अटल
ज्ञानभूमि शान्तिभूमि तराई पहाड हिमाल
अखण्ड यो प्यारो हाम्रो मातृभूमि नेपाल
बहुल जाति, भाषा, धर्म, संस्कृति छन् विशाल
अग्रगामी राष्ट्र हाम्रो जय जय नेपाल १

## काभ्रेपलाञ्चोक जिल्लाको भौगोलिक संरचना



बागमती प्रदेश सरकार
**उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय**
हेटौंडा, नेपाल



# शुभकामना मन्तव्य !

बागमती प्रदेश सरकार उद्योग वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालयको औद्योगिक विकास, व्यापार तथा व्यवसायको प्रवर्द्धन तथा उपभोक्ता हित संरक्षणको नीतिलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्दै उद्योग तथा वाणिज्य कार्यालय, काभ्रेपलाञ्चोकले सेवाग्राहीमैत्री, पारदर्शी, उत्तरदायी तथा प्रविधिमैत्री सेवा प्रवाहमार्फत उत्कृष्ट कार्यसम्पादन गर्न सफल भएकोमा हार्दिक प्रसन्नता व्यक्त गर्दछु।

उद्योग तथा वाणिज्य कार्यालय, काभ्रेपलाञ्चोकले आ.व.२०८२।०८३ मा नमूना कार्यालयका रूपमा आफूलाई स्थापित गर्दै सार्वजनिक सेवा प्रवाहमा गुणस्तरीय सुधार, सुशासनको प्रवर्द्धन, प्रशासनिक दक्षता अभिवृद्धि तथा सेवाग्राही सन्तुष्टिलाई उच्च प्राथमिकतामा राखी उल्लेखनीय उपलब्धिहरू हाँसिल गरेको छ। कार्यालयले अवलम्बन गरेका नवीन कार्यशैली, डिजिटल प्रविधिको उपयोग, समयमै सेवा प्रदान गर्ने प्रतिबद्धता तथा संस्थागत सुशासनका अभ्यासहरू अन्य सरकारी कार्यालयहरूका लागि समेत अनुकरणीय बनेका छन्।

कार्यालयले उद्योग तथा वाणिज्य क्षेत्रको विकास, उद्यमशीलताको प्रवर्द्धन, लगानीमैत्री वातावरण निर्माण, साना तथा मझौला उद्योगहरूको सुदृढीकरण, बजार अनुगमन, उपभोक्ता अधिकार संरक्षण तथा निजी क्षेत्रसँगको सहकार्यलाई सुदृढ बनाउन पुऱ्याएको योगदान प्रशंसनीय छ। यी प्रयासहरूले स्थानीय आर्थिक गतिविधिलाई चलायमान बनाउनुका साथै उत्पादन, रोजगारी र समग्र आर्थिक समृद्धिको राष्ट्रिय लक्ष्य हासिल गर्न महत्वपूर्ण टेवा पुऱ्याएका छन्।

आर्थिक बर्ष २०८२।०८३ मा कार्यान्वयन भएका योजना, कार्यक्रम एवं उल्लेखनीय कार्यहरुलाई समेटी प्रकाशन हुन लागेको यो वार्षिक प्रगति विवरण पुस्तिकाले कार्यालयद्वारा सम्पन्न कार्यक्रम, सेवा प्रवाह, उपलब्धि, नवप्रवर्तन, सिकाइ तथा आगामी कार्यदिशालाई समेट्दै सरोकारवालालाई वस्तुनिष्ठ जानकारी प्रदान गर्ने विश्वास लिएको छु। यसले संस्थागत पारदर्शिता, जवाफदेहिता र सार्वजनिक उत्तरदायित्वलाई थप सुदृढ बनाउनुका साथै सेवाको निरन्तर सुधारका लागि प्रेरणादायी दस्तावेजका रूपमा समेत भूमिका निर्वाह गर्ने अपेक्षा गरेको छु।

आगामी दिनमा पनि उद्योग तथा वाणिज्य कार्यालय, काभ्रेपलाञ्चोकले नमूना कार्यालयको पहिचानलाई अझ सुदृढ बनाउँदै सुशासन, नवप्रवर्तन, डिजिटल रूपान्तरण तथा गुणस्तरीय सार्वजनिक सेवा प्रवाहमा निरन्तर उत्कृष्टता कायम राख्नेछ भन्ने विश्वास व्यक्त गर्दछु।

अन्त्यमा, कार्यालयको यस सफल यात्रामा समर्पित भावनाका साथ योगदान पुऱ्याउनुहुने कार्यालय प्रमुख, सम्पूर्ण कर्मचारी, निजी क्षेत्र, उद्योगी-व्यवसायी, स्थानीय तह, विकास साझेदार तथा सबै सरोकारवालाप्रति हार्दिक धन्यवाद व्यक्त गर्दै उद्योग तथा वाणिज्य कार्यालय, काभ्रेपलाञ्चोकको उत्तरोत्तर प्रगति, सफल कार्यसम्पादन तथा उज्ज्वल भविष्यका लागि हार्दिक शुभकामना व्यक्त गर्दछु।

**माननीय मन्त्री विन्दु श्रेष्ठ**
**उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय**

**मिति:२०८३/०३/३२**

बागमती प्रदेश सरकार
**उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय**
हेटौंडा, नेपाल



# शुभकामना मन्तव्य !

उद्योग तथा वाणिज्य कार्यालय, काभ्रेपलान्चोकले आर्थिक वर्ष २०८२/०८३ मा स्थानीय उत्पादन प्रवर्द्धन, रोजगारी सिर्जना र उद्योग व्यवसायको विकासमा गरेको योगदान प्रशंसनीय रहेको छ। स्थानीय कच्चा पदार्थ, श्रम, सीप र प्रविधिको उपयोग गर्दै, विदेश पलायन भइरहेको युवा शक्तिलाई रोजगारीको अवसर सृजना हुने वातावरण निर्माणको लागि कार्यालयले गरेका पहलहरु सन्तोषजनक छन।

सीप विकास तथा उद्यमशीलता तालिम, प्रविधि हस्तान्तरण जस्ता कार्यक्रमहरूले स्थानीय स्तरमै नागरिकहरुलाई आय वृद्धिमा टेवा पुर्याउँदै स्वावलम्बनको आधार तयार गरेको छ। कार्यालयले आ.व २०८२/०८३ को स्वीकृत बार्षिक कार्यक्रमको सफल कार्यान्वयन गरी करिब ९० प्रतिशत वित्तीय र भौतिक प्रगति हासिल गरेकोले सो उपलब्धिको प्रशंसा गर्दछु।

आ.व. २०८२।०८३ को स्वीकृत वार्षिक कार्यक्रम वमोजिम बागमती प्रदेश सरकारको उद्योग तथा वाणिज्य कार्यालय, काभ्रेपलाञ्चोकले नमूना कार्यालयको रुपमा सेवा शुभारम्भ गरेकोमा सम्पूर्ण कर्मचारीहरुलाई बधाई तथा शुभकामना व्यक्त गर्दछु।साथै, कार्यालयले आगामी दिनमा सेवाप्रवाहलाई थप पारदर्शी, जनमैत्री एवं प्रविधिमैत्री बनाउँदै लैजानेमा आशावादी रहेको छु।

आगामी दिनमा, उद्योग तथा वाणिज्य प्रशासनलाई अझ सुदृढ गर्दै सेवाग्राही र आम उपभोक्ताहरुको सुविधा र हितलाई सुनिश्चित गर्ने दिशा तर्फ थप कदम चाल्दै कार्यालयले अझ बढी योगदान दिने अपेक्षा राखेको छु।

गत आ.व.मा प्राप्त उपलब्धिका लागि सम्पूर्ण कर्मचारीहरुको निष्ठा, परिश्रम र योगदानलाई हृदयदेखि नै धन्यवाद दिदैं यो प्रतिवेदन पुस्तिका तयार गर्न योगदान गर्नुहुने कार्यालय प्रमुख लगायत सबै कर्मचारीहरुलाई धन्यवाद ज्ञापन गर्दछु।

**जीवलाल भुसाल**
प्रदेश सचिव

बागमती प्रदेश सरकार
उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय
उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय

# उद्योग तथा वाणिज्य कार्यालय

धुलिखेल, काभ्रेपलाञ्चोक



# शुभकामना !

कार्यालयको आ.व. २०८२/०८३ मा स्वीकृत बार्षिक योजना तथा कार्यक्रमहरुको कार्यान्वयन सम्बन्धी समग्र विवरण एवं कार्यालयले सम्पादन गरेका मुख्यमुख्य गतिविधिहरु समेटिएको बार्षिक प्रगति पुस्तिका तयार गर्न पाउँदा मलाई अत्यन्त हर्ष लागेको छ। बागमती प्रदेश सरकार उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालयको नीति, योजना तथा कार्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्दै उद्योग तथा वाणिज्य क्षेत्रको विकास, उद्यमशीलताको प्रवर्द्धन तथा सेवाग्राहीमैत्री सार्वजनिक सेवा प्रवाहलाई सुदृढ बनाउने उद्देश्यका साथ उद्योग तथा वाणिज्य कार्यालय, काभ्रेपलाञ्चोक निरन्तर क्रियाशील रहेको छ।

आर्थिक वर्ष २०८२/०८३ मा विनियोजित बजेट तथा स्वीकृत कार्यक्रमहरूलाई पारदर्शी, उत्तरदायी, मितव्ययी र परिणाममुखी ढङ्गले कार्यान्वयन गर्दै कार्यालयले उल्लेखनीय उपलब्धिहरू हाँसिल गरेको छ।श्रोत साधनको सीमितता, भौगोलिक जटिलता जस्ता चुनौतिहरुको सामना गर्दै उपलब्ध साधन श्रोतको महत्तम उपयोग गरी कार्यालयको समग्रमा करिब ९० प्रतिशत वित्तीय प्रगति हुनु सुखद उपलब्धि हो । कार्यालयले उद्योग दर्ता तथा नवीकरण, व्यवसायिक परामर्श, उद्यम विकास, उपभोक्ता हित संरक्षण, बजार अनुगमन तथा अन्य सेवा प्रवाहलाई अझ प्रभावकारी, छिटोछरितो र प्रविधिमैत्री बनाउन निरन्तर प्रयास गरिएको छ।

यस आर्थिक वर्ष २०८२/०८३ को अर्को महत्वपूर्ण उपलब्धिका रूपमा उद्योग तथा वाणिज्य कार्यालय, काभ्रेपलाञ्चोकलाई नमूना कार्यालयका रूपमा सेवा शुभारम्भ गर्ने अवसर प्राप्त भएको छ। नमूना कार्यालयको अवधारणाले सेवाग्राहीमैत्री वातावरण, डिजिटल प्रविधिको अधिकतम उपयोग, सुशासन, कार्यकुशलता, पारदर्शिता तथा गुणस्तरीय सेवा प्रवाहलाई थप सुदृढ बनाउने विश्वास लिइएको छ।यस अभियानले सार्वजनिक सेवाप्रति नागरिकको विश्वास अभिवृद्धि गर्ने अपेक्षा गरिएको छ।

यस वार्षिक प्रगति विवरण पुस्तिकामा आर्थिक वर्ष २०८२/०८३ अवधिमा सम्पादित प्रमुख कार्यक्रमहरु जस्तै लघु, साना तथा घरेलु उद्योगको प्रवर्द्धन, सीप विकास तालिम, प्रविधि हस्तान्तरण, उद्योग दर्ता, नविकरण, खारेजी, अनुगमन निरिक्षण, बजेट कार्यान्वयनको अवस्था, लगायतका विवरणहरु समेटिएको छ। यस पुस्तिकाले कार्यालयको कार्यसम्पादनबारे सरोकारवाला निकाय, सेवाग्राही तथा आम नागरिकलाई जानकारी गराउनुका साथै भावी योजना निर्माणमा समेत उपयोगी आधार प्रदान गर्ने विश्वास लिएको छु ।

अन्त्यमा, आर्थिक बर्ष २०८२ ।०८३ को बार्षिक प्रगति विवरण पुस्तिका प्रकाशनका लागि कार्यालयलाई मार्गदर्शन, सल्लाह, सुझाव एवं सहयोग प्रदान गर्नुहुने मन्त्रालय, निर्देशनालय, जिल्ला स्थित सबै सरकारी निकाय, स्थानीय तह, निजी क्षेत्र, उद्योगी व्यवसायी, उपभोक्ता, सञ्चारमाध्यम तथा प्रत्यक्ष वा परोक्ष रूपमा कार्यालयलाई सहयोग पुर्‍याउनुहुने सम्पूर्ण सरोकारवालाप्रति हार्दिक आभार व्यक्त गर्दछु । साथै, कार्यालयका सम्पूर्ण कर्मचारीहरूको समर्पण, इमान्दारी र मेहनतप्रति उच्च प्रशंसा व्यक्त गर्दै

आगामी दिनमा पनि अझ प्रभावकारी, पारदर्शी र गुणस्तरीय सेवा प्रवाह मार्फत् सुशासन तथा समृद्ध नेपालको राष्ट्रिय अभियानमा योगदान पुऱ्याउने उपभोक्ता, सञ्चारमाध्यम तथा प्रत्यक्ष वा परोक्ष रूपमा कार्यालयलाई सहयोग पुऱ्याउनुहुने सम्पूर्ण सरोकारवालाप्रति हार्दिक आभार व्यक्त गर्दछु । साथै कार्यालयका सम्पूर्ण कर्मचारीहरूको समर्पण, इमान्दारी र मेहनतप्रति उच्च प्रशंसा व्यक्त गर्दै आगामी दिनमा पनि अझ प्रभावकारी, पारदर्शी र गुणस्तरीय सेवा प्रवाह मार्फत् सुशासन तथा समृद्ध नेपालको राष्ट्रिय अभियानमा योगदान पुऱ्याउने प्रतिबद्धता व्यक्त गर्दछु ।

**रबिन घिमिरे**
कार्यालय प्रमुख

## उद्योग तथा वाणिज्य कार्यालय, धुलिखेल, काभ्रेपलाञ्चोक

**पृष्ठभूमिः**

श्रम, सीप र श्रोतको उपयोग गरी मुलुकमा औद्योगिक क्रियाकलापहरुलाइ प्रबर्द्धन र व्यापार व्यवसायका लागि अनुकुल वातावरण श्रृजना गर्ने हेतुले नेपालमा वि.सं. १९९२ साल मंसिर ९ गते पहिलो पटक उद्योग परिषदको स्थापना भएको थियो। सो पश्चात नेपालमा कम्पनी सम्बन्धी कानून र औद्योगिक व्यवसायसँग सम्बन्धित कानून लागु भएका थिए। वि .स.१९९६ सालमा व्यवसायिक तालिमको माध्यमबाट रोजगारीको अवसर श्रृजना गर्ने उद्देश्य लिइ घरेलु इलम प्रचार अड्डाको स्थापना भएको थियो। सो उद्धेश्य परिपूर्तिका लागी आ.व. २०१३।०१४ मा घरेलु इलम केन्द्र भनि नामाकरण गरियो। आ.व.२०२१।०२२ मा अञ्चल केन्द्रको अवधारणा अनुरुप क्षेत्रीय, अञ्चल, र जिल्ला स्तरिय कार्यालयहरु खुले। स्वदेशी श्रम, सीप र स्थानीय श्रोत साधनको उपयोग गरी लघु, घरेलु ,तथा साना उद्योगको स्थापना र विकासमा सहयोग पुऱ्याउने लक्ष्यका साथ काभ्रे जिल्लामा वि.स. २०२४ सालमा यस कार्यालयको स्थापना भएको हो। यस कार्यालयले उद्योग प्रशासन, उद्योग प्रबर्द्धन सम्बन्धी कार्यका अतिरिक्त वाणिज्य प्रशासन समेतको कार्य गर्दै आइरहेको छ ।

**उदेश्य :**

१) स्वदेशी श्रम, सीप र श्रोतको उपयोग गरी लघु, घरेलु तथा साना उद्योगको विकास गर्ने।

२) परम्परागत कुटिर,लघु, घरेलु तथा साना उद्योगहरुको संरक्षण तथा सम्बर्द्धन गर्ने।

३) स्थानिय श्रोत, कच्चा पदार्थ, सीप र साधनको व्यवसायिक उपयोग गरी रोजगारीका अवसरहरु श्रृजना गर्ने।

४) घरेलु तथा साना उद्योगको बिकासका लागी बिभिन्न प्रबर्द्धनात्मक कार्यहरु गर्ने।

५) ब्यवसायलाई स्वच्छ, प्रतिस्पर्धी र व्यवस्थित बनाइ उपभोक्ता तथा व्यापार व्यवसाय मैत्री वातावरण श्रृजना गर्ने।

६) व्यापार व्यवसायको व्यवस्थापन र नियमन गर्ने।

**कार्य जिम्मेवारी :**

**उद्योग तर्फः**

१)घरेलु तथा साना उद्योगहरुको अनुमति(इजाजत) प्रदान गर्ने, उद्योग दर्ता गर्ने र नविकरण गर्ने।

२)उद्योगको पूँजी तथा क्षमता बृद्धि, उद्धेश्य थप, नामसारी, ठाउँसारी तथा दर्ता खारेज सम्बन्धी कार्य गर्ने।

३) घरेलु उद्योगलाइ आयकर ,बिक्रीकर ,अन्तःशुल्क छुट सुबिधा र साना उद्योगको आयकर छुट सुबिधा प्रदान गर्ने सिफारीस गर्ने।

४) आवश्यकता अनुसार उद्योगको निरिक्षण गर्ने, देखिएका समस्याको छानबिन गरी समाधान गर्ने र निर्देशनालयमा पेश गर्नु पर्नेमा पेश गर्ने।

५) उद्योगको प्रारम्भिक वातावरणीय परिक्षणको कार्यक्षेत्र र प्रतिवेदन स्वीकृतीका लागि आवश्यक कागजातहरु सहित निर्देशनालयमा सिफारिस गरी पठाउने।

६) स्वीकृत वार्षिक कार्यक्रम अनुसार सीपमूलक तथा उद्यमशीलता विकास तालिम संचालन तथा अनुगमन गर्ने।

**वाणिज्य तर्फ**

१) वाणिज्य व्यापार व्यवसायको दर्ता वा अनुमति, नविकरण, खारेजी लगायतको नियमन गर्ने।

२) व्यापार व्यवसाय प्रबर्द्धन सम्बन्धी कार्य गर्ने।

३) बजार अनुगमन सम्बन्धी कार्यलाइ व्यवस्थित र प्रभावकारी बनाउने।

४) उपभोक्ताको हकहित संरक्षण तथा प्रवर्द्धन सम्बन्धी कार्य गर्ने।

५) संघ, प्रदेश र स्थानीय तहका सरोकारवाला निकाय तथा संघसंस्था संग समन्वय गरी व्यापार सहजीकरण गर्ने।

६) उपभोक्ता अधिकार र स्वच्छ व्यवसायीको सचेतना सम्बन्धी कार्यक्रम संचालन गर्ने।

**प्रदेश औद्योगिक व्यवसाय ऐन २०७६ को परिच्छेद ३ बमोजिम उद्योगको वर्गीकरण निम्नानुसार छ**

**क) लघु उद्यम**

- घर जग्गा बाहेक बढीमा बीस लाख रुपैँया सम्म स्थिर पूँजी भएको ,
- उद्यमी स्वयं उद्योगको सञ्चालन र व्यवस्थापनमा संलग्न रहेको ,
- उद्यमी सहित बढीमा ९ जना सम्म कामदार रहेको ,
- वार्षिक कारोबार रु. १ करोड रुपैया भन्दा कम रहेको ,
- इन्जिन, उपकरण वा मेसिनको प्रयोग गरेको भएमा इन्जिन, उपकरण वा मेसिनमा खपत हुने विद्युतीय उर्जा, इन्घन वा अन्य तेल इन्जिनको क्षमता २० किलोवाट वा सो भन्दा कम रहेको।

**ख) घरेलु उद्योग**

- परम्परागत सीप र प्रविधिमा आधारित,
- श्रममूलक र खास सीप वा स्थानीय कच्चा पदार्थ एवं स्थानीय प्रविधि, कला तथा संस्कृतिमा आधारित,
- इन्जिन, उपकरण वा मेसिनको प्रयोग गरेको भएमा बढीमा पचास किलोवाटसम्मको क्षमताको विद्युतीय उर्जा प्रयोग गरेको,
- अनुसूची-२ मा उल्लेख भए बमोजिमका उद्योगहरु।

**ग) साना उद्योग**

- लघु उद्यम र घरेलु उद्योग बाहेकको १५ करोड रुपयाँसम्म स्थिर पुँजी भएको उद्योग।

**घ) मझौला उद्योग**

- १५ करोड रुपैंया भन्दा बढी ५० करोड रुपैंयासम्म स्थिर पूँजी भएको उद्योग।

**ङ) ठूला उद्योग**

- ५० करोड रुपैंया भन्दा बढी स्थिर पुँजी भएको उद्योग।

- **वस्तु वा सेवाको प्रकृतिको आधारमा उद्योगलाई निम्नानुसार बर्गीकरण गरिएको छ**

  ऐनको दफा १५ उपदफा २ अनुसार उद्योगको प्रकृतिको आधारमा देहाय बमोजिम बर्गिकरण गरिएको छ।

**क) ऊर्जा मुलक उद्योग**

उर्जा उत्पादन गर्ने व्यवसायमा संलग्न ऐनको अनुसुची ३ मा उल्लेखित उद्योगहरु

**ख) उत्पादन मुलक उद्योग :**

कच्चा पदार्थ, सहायक कच्चा पदार्थ वा अर्ध प्रशोधित कच्चा पदार्थको प्रयोग वा प्रशोधन गरी माल वस्तु उत्पादन गर्ने उद्योगहरु

**ग) कृषि, पशुपंक्षी तथा वन पैदावारमा आधारित उद्योग :**

कृषि, पशु वा वन पैदावारमा आधारित कच्चा पदार्थ बाट कुनै वस्तु उत्पादन गर्ने वा कृषि, पशु तथा वन पैदावार संग सम्बन्धित अनुसुची ४ मा उल्लिखित उद्योगहरु

**घ) खनिज उद्योग :**

प्रचलित कानूनले तोके अनुसारको खनिज उत्खनन वा प्रशोधन गरी कुनै धातु वा धातु बाहेकका खनिज पदार्थ उत्पादन गर्ने उद्योगहरु।

**ङ) पुर्वाधार उद्योग :**

भौतिक पूर्वाधार निर्माण गरी सञ्चालन गर्ने ऐनको अनुसूची-५ मा उलेखित उद्योगहरु।

**च) पर्यटन उद्योगः**

पर्यटन सेवासँग सम्बन्धित ऐनको अनुसूची-६ मा उल्लिखित उद्योगहरु।

**छ) सूचना, प्रसारण तथा सञ्चार प्रविधिमा आधारित उद्योग :**

सूचना संकलन, प्रशोधन र प्रसारणका लागि प्रविधि प्रयोग गरी सूचना, सञ्चार वा सूचना प्रविधिको सेवा उपलब्ध गराउने ऐनको अनुसूची-७ मा उल्लिखित उद्योगहरु।

**ज) सेवामुलक उद्योग :**

सेवा उत्पादन वा प्रदान गर्ने अनुसूची–८ मा उल्लिखित उद्योगहरु।

**उद्योग दर्ता गर्ने निकाय :**

क) लघु उद्यमः स्थानीय तह

ख) घरेलु तथा साना, मझौला तथा ठुला उद्योगः प्रदेश सरकारले तोकेका कार्यालयहरु

**उद्योग दर्ता गर्दा पेश गर्नुपर्ने कागजातहरुः**

१. उद्योग दर्ता गर्ने व्यक्तिको नागरिकताको प्रतिलिपी।

२. उद्योग रहने स्थानको लालपुर्जा र गत आ.व. सम्मको मालपोत तिरेको रसिद।

३. लिज वा भाडामा भए भाडा सम्झौता/एकाघरका परिवार सदस्यको नाममा लालपुर्जा भए मञ्जुरीनामा।

४. उद्योग दर्ताको निवेदन फाराम।

५. साझेदारी फर्म दर्ताको निमित्त साझेदार बीचको कबुलियतनामा।

६. चौतर्फी सधियारहरुको सहमति सहितको सर्जमिन मुचुल्का र सम्बन्धित स्थानीय तह नगरपालिका/ गाँउपालिकाको सिफारिस पत्र।

७. उद्योगको स्किम (आवश्यक पर्नेमा)।

८. कम्पनीको नाममा उद्योग दर्ता गर्नु परेमा, कम्पनी दर्ता प्रमाणपत्र, प्रबन्ध पत्र-नियमावली संचालकहरुको नागरिकताको प्रतिलिपी।

९. निर्माण, संचार, पर्यटन, स्वास्थ, खाद्य आदि अन्य निकायको सहमति आवश्यक पर्ने उद्योगको निमित्त सम्बन्धित निकायको सहमती पत्र।

१०. प्रशिक्षण केन्द्र दर्ताको लागि प्रशिक्षकको योग्यता पत्र, प्रशिक्षण दिने प्रतिवद्धता पत्र, पाठ्यक्रम र वार्षिक योजना, तालिमको प्रमाण पत्र।

११. वनमा आधारित उद्योगको भए वन दुरी प्रमाणित सहितको डिभिजन वन कार्यालयको दुरी प्रमाणित-पत्र।

१२. निर्माण व्यवसाय दर्ताको लागि प्राविधिक जनशक्ति तथा उपकरण (औजार) उपलब्धताको प्रमाण।

१३. प्रचलित वातावरण संरक्षण कानुन बमोजिम वातावरणीय परिक्षण (IEE) वा वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) गर्नुपर्ने उद्योगको हकमा सम्बन्धित निकायको स्वीकृती पत्र।

१४. उद्योगको प्रकृति अनुसार आवश्यक अन्य कागजात।

१५. सम्बन्धित व्यक्तिको पासपोर्ट साइजको २ प्रति फोटो।

(प्रा.लि. वा पब्लिक लिमिटेड कम्पनीको नाममा छुट्टाछुट्टै उद्देश्य, वर्ग र पूँजि राखी उद्योग दर्ता गर्नु परेमा सोही बमोजिम कार्य गर्न कम्पनी प्रबन्ध पत्रमा समेत उद्देश्य उल्लेख भई कम्पनी रजिष्टारको कार्यालयबाट स्वीकृत गराई ल्याएमा सोही अनुसार छुट्टाछुट्टै उद्योग दर्ता गर्न सकिनेछ।

**उद्योग नवीकरण गर्नका लागि आवश्यक कागजपत्रहरु**

- वार्षिक प्रगति विवरण।
- उद्योग दर्ता भई समय भित्र संचालन नभएको भए सोको म्याद थपपत्र।
- राजश्व बुझाएको रसिद, आन्तरिक राजश्व कार्यालयको कर चुक्ता प्रमाण-पत्र।
- नविकरणका लागि म्याद नाघेको भए सो को मनासिब कारण सहित निवेदन।

**उद्योगको नामसारी गर्नका लागि आवश्यक कागजपत्रहरु :**

- लिने दिनेको संयुक्त निवेदन/उद्योग दर्ता प्रमाण-पत्र।
- लिनेको नागरिकता प्रमाण-पत्रको प्रतिलिपी।
- सनाखत सहितको हक छोडपत्र।
- गत आ.व. को कर चुक्ता प्रमाण पत्र।
- नामसारी गरिदिने कार्यालयमा उद्योगी स्वयं उपस्थित भई सनाखत गर्नुपर्ने।
- उद्योगीको मृत्यु भई नामसारी गर्नु परेमा मृत्यु दर्ता प्रमाण-पत्र, हकवालाको मञ्जुरीनामा तथा सनाखत नाता प्रमाण-पत्र र आवश्यकता अनुसार ३५ दिने सार्वजनिक सूचना समेत प्रकाशन गर्न सकिनेछ।

**उद्योगको ठाउँ सारी गर्नका लागि आवश्यक कागजपत्रहरु :**

- ठाउँसारी गर्नुपर्नाको कारण सहितको निवेदन।
- लालपुर्जा र तिरो तिरेको रसिदको फोटोकपी, घर-जग्गाको भाडा सम्झौता।
- उद्योगको प्रकृति अनुसार सर्जमिन मुचुल्का सहित सम्बन्धित स्थानीय तहको सिफारिस।

**उद्योगको पूँजी तथा क्षमता बृद्धि गर्दा :**

- पुँजी बृद्धि तथा क्षमता बृद्धि गर्नुपर्ने कारण खुलेको निवेदन (फाराम ख)।
- मेशिन औजार थप गरी पूँजी बृद्धि गर्नुपरेमा सोही अनुसारको मेसिन औजारको कोटेशन/स्किम।
- उद्योगको प्रगति विवरण।

**उद्योगको उद्देश्य थपघट तथा संशोधन गर्दाः**

- उद्देश्य थपघट तथा संशोधन गर्नुपर्ने मनासिव कारण खुलेको निवेदन (फाराम ख)

**निर्माण सम्बन्धी व्यवसाय दर्ताका लागी चाहिने कागजातहरुः**

१. निर्धारित ढाँचामा उद्योग दर्ताको निबेदन दरखास्त फाराम।

२. प्रोपाइटरको नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपी।

३. हालसालै खिचिएको पासपोर्ट साइजको फोटो २ प्रति।

४. जग्गाधनी प्रमाणपत्रको प्रतिलिपि भाडामा भए भाडा सम्झौता, एकाघरका सदस्यका नामको भए मञ्जुरीनामा।

५. साझेदारी फर्म भए साझेदारी बिचको सम्झौता पत्र (२ प्रति नेपाली कागजमा टाइप गरेको हुनुपर्ने)।

६. प्रा.लि. भएमा प्रबन्ध पत्र, विनियमावली ,प्रा.लि. दर्ता प्रमाणपत्र समेत पेश गर्नु पर्ने छ।

७. मेशिन औजारको भ्याट बिलको फोटोकपी।

८. उपकरणहरुको नामावली पेश गर्दा उपकरणको स्वामित्वको प्रमाण पत्र साथै बिमा गरेको कागजपत्र पेश गर्नु पर्ने

९. क) जनशक्ति ख) प्रशासन ग) लेखा घ) प्राविधिक (सिभिल इन्जिनियर) कम्तिमा १–१ जना

माथि उल्लेखित यान्त्रिक उपकरणहरु ठिक अवस्थामा भएको मेकानिकल इन्जिनियरिङ बिषयमा कम्तिमा स्नातक तह शैक्षिक योग्यता भएको इन्जिनियरले प्रमाणित गर्नु पर्ने छ। उक्त मेकानिकल इन्जिनियरको कागज पत्र पेश गर्नूपर्ने।

क) प्रशासनिक कर्मचारीः- कम्तीमा १२ कक्षा वा प्रमाण पत्र तह पास गरेको, निजको नियुक्ति पत्रको प्रतिलिपी।

ख) लेखापालः- कम्तीमा वाणिज्य शास्त्रमा १२ कक्षा वा प्रमाण पत्र तह पास गरेको निजको नियुक्ति पत्रको प्रतिलिपी।

ग) प्राविधिक कर्मचारी (सिभिल इन्जिनियर):- नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपी, कम्तीमा सिभिल इन्जिनियरको डिप्लोमा तह उत्तिर्ण गरेको कागजातको प्रतिलिपी र निजको नियुक्ति पत्रको प्रतिलिपी।

**उद्योगको लगत कट्टा (खारेजी) गर्दाः**

- उद्योग खारेजी गर्नु परेको कारण खुलाई निवेदन
- सक्कल प्रमाण पत्र अध्यावधिक/ नवीकरण भएको हुनुपर्ने र करचुक्ताको प्रमाणपत्रको फोटोकपी
- उद्योगी स्वयं उपस्थित हुनुपर्नेछ।

**वाणिज्य सम्बन्धी सेवा लिनका लागि पेश गर्नुपर्ने कागजातहरु :**

व्यापार व्यवसायलाई स्वच्छ, प्रतिस्पर्धी र व्यवस्थित बनाई आम उपभोक्ताको हकहित संरक्षण गर्न एवं व्यापार व्यवसायको विकास, बिस्तार, प्रबर्द्धन र नियमनका लागि कार्यालयले वाणिज्य प्रशासन सम्बन्धी सेवा प्रबाह गर्दछ।

**स्थानीय व्यापार (थोक वा खुद्रा )**

प्राईभेट फर्म दर्ताका लागि आवश्यक कागजातहरु

(क) निर्धारित ढाँचाको दरखास्त फारम

(ख) नेपाली नागरिकताको प्रमाण–पत्रको प्रतिलिपी

(ग) हालसालै खिचिएको पासपोर्ट साईजको फोटो (२) प्रति

(घ) औषधी व्यवसाय दर्ता गर्दा औषधी व्यवस्था विभागको सिफारिस पत्र

(ङ) विषादीजन्य व्यवसाय दर्ताको लागि सम्बन्धित कृषि विकास कार्यालयको सिफारिस पत्र

(च) कार्यालयले तोकिएको अन्य आवश्यक कागजात (सम्झौता, जग्गा धनी प्रमाण पुर्जा, तिरो तिरेको रसिद )

**प्राईभेट फर्म नवीकरण सम्बन्धी प्रावधान**

प्रदेश व्यापार तथा व्यवसाय सम्बन्धी ऐन २०७६ बमोजिम दर्ता भएका प्राईभेट फर्महरु दर्ता भएको मितिले (५) पाँच बर्ष सम्म बहाल रहनेछन्। उक्त म्याद समाप्त भएको मितिले ३५ दिन भित्र सम्बन्धित कार्यालयमा गई नविकरण गराउनु पर्नेछ। त्यस पछि २(दुई) वर्षको लागि नविकरण हुनेछ।

**प्राईभेट फर्म नविरणका लागि चाहिने आवश्यक कागजातहरु**

(क) नविकरणका लागि तोकिएको ढाँचाको निवेदन

(ख) फर्म दर्ताको सक्कल प्रमाण पत्र

(ग) अघिल्लो आ.व.को कर तिरेको निस्सा

**प्राईभेट फर्मको व्यहोरा संशोधन, कारोबार थप र प्रतिलिपि सम्बन्धी प्रावधान**

(क) प्राईभेट फर्मको संशोधन नाम, ठेगाना, उद्देश्य, कारोबार परिर्वतन तथा शाखा पूँजी हेरफेर गर्न चाहेमा निवेदन दिई आवश्यक संशोधन गर्न सक्नेछन।

(ख) कुनै कारणवश फर्म दर्ताको प्रमाण पत्रको प्रतिलिपि लिनुपर्ने भएमा फर्म धनी सक्कल नागरिकताको प्रमाणपत्र, एक प्रति पासपोर्ट साईजको फोटो सहित स्वयं उपस्थित भई निवेदन दिनुपर्नेछ।

(ग) मनिचेन्जर कारोबार भएको फर्ममा मनि ट्रान्सफर बाहेक अन्य कारोबार थप हुने छैन।

**प्राईभेट फर्मको व्यहोरा संशोधन ,कारोबार थप र प्रतिलिपिका लागि आवश्यक कागजातहरु**

(क) तोकिएको ढाँचामा निवेदन

(ख) फर्म दर्ताको सक्कल प्रमाण

(ग) अघिल्लो आ.व.कर तिरेको निस्सा (कर चुक्ता प्रमाण पत्र)

**प्राईभेट फर्म नामसारी गर्दा पेश गर्नुपर्ने कागजातहरु**

(क) लिने दिने व्यक्ति कार्यालयमा उपस्थित भई संयुक्त निवेदन पेश गर्नुपर्ने

(ख) हाकछोड (राजिनामा )/ विक्रीनामा पत्र

(ग) गत आ.व. को कर चुक्ता प्रमाण पत्र

(घ) लिनेको नागरिकताको प्रतिलिपि

(ङ) सक्कल प्रमाण पत्र

**वाणिज्य सम्बन्धी सेवा लिनका लागि पेश गर्नुपर्ने कागजातहरु :**

व्यापार व्यवसायलाई स्वच्छ, प्रतिस्पर्धी र व्यवस्थित बनाई आम उपभोक्ताको हकहित संरक्षण गर्न एवं व्यापार व्यवसायको विकास, बिस्तार, प्रबर्द्धन र नियमनका लागि कार्यालयले वाणिज्य प्रशासन सम्बन्धी सेवा प्रबाह गर्दछ।

**फर्म खारेजीको लागि पेश गर्नुपर्ने कागजातहरु:**

(क) लगत कट्टा गरी पाउँ भन्ने निवेदन

(ख) आन्तरिक राजश्व कार्यालयको गत आ.व.को करचुक्ता प्रमाण पत्र

(ग) अध्यावधिक नवीकरण भएको प्रमाण पत्र

## प्राइभेट/साझेदारी फर्म/कम्पनी फर्म दर्ता गर्ने निकाय

| क्र.सं. | पुजी | दर्ता गर्ने निकाय | कैफियत |
|---|---|---|---|
| १. | पाँचलाख रूपैयाँ सम्म | स्थानीय तह | |
| २. | पाँचलाख रूपैया भन्दा बढी | उद्योग तथा वाणिज्य कार्यालय | |

# उद्योग तथा वाणिज्य कार्यालय, काभ्रेपलाञ्चोकको
# आ.व. २०८२/०८३को उद्योग प्रशासनको असार मसान्त सम्मको प्रगति

| क्र.सं. | उद्योगको प्रकृति | दर्ता | नवीकरण | खारेजी | नामसारी | प्रतिलिपि | ठाउँसारी | पूँजीवृद्धी | कुल राजश्व |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | उत्पादनमुलक | ५५ | १५० | ११ | ३ | ७ | २ | ४ | १३८८१७५० |
| २ | कृषि तथा वनजन्य | ३१८ | ८७३ | ७६ | ३१ | ३९ | २ | १८ | |
| ३ | उर्जा मुलक | ० | ० | ० | ० | ० | ० | ० | |
| ४ | खनिज जन्य | ० | ० | ० | ० | ० | ० | ० | |
| ५ | निर्माण उद्योग | ० | ० | ० | ० | ० | ० | ० | |
| ६ | पर्यटन | १०७ | १९६ | १८ | ४ | १३ | ३ | ४ | |
| ७ | सेवामुलक | १५३ | ६२४ | ५१ | २३ | २१ | ४ | १७ | |
| ८ | सूचना प्रविधि | ० | ० | ० | ० | ० | ० | ० | |
| | | ६३३ | १८४३ | १५६ | ६१ | ८० | ११ | ४३ | |

# उद्योग तथा वाणिज्य कार्यालय
# धुलिखेल, काभ्रेपलाञ्चोकमा
# आ.व २०८२/०८३ मा दर्ता भएका उद्योगको वार्षिक विवरण

क. उद्योग दर्ता सम्बन्धी प्रगती विवरण

| क.स | उद्योगको प्रकृती | साना उद्योग | | | जम्मा | कुल पूँजी लगानी रु हजारमा | | | वार्षिक उत्पादन क्षमता रु हजारमा | उद्यमी संख्या | | रोजगारी संख्या | | राजश्व |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | प्रा.फ | सा.फ | प्रा.लि | | स्थिर पूजी | चालु पूजी | कुल पूजी | | महिला | पुरुष | महिला | पुरुष | |
| १ | उत्पादनमूलक | ४९ | ४ | २ | ५५ | ८३५०४ | ३३३३६ | ११६८४० | ८५६५० | ३० | २९ | १३१ | १०६ | ३५१५०० |
| २ | कृषितथा वन जन्य | ३०४ | ९ | ५ | ३१८ | ६९८४८४ | २८४६७१ | ९८३१५५ | ६१०७४१ | २११ | १२९ | ७७७ | ६३५ | २२५२९०० |
| ३ | उर्जामूलक | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ४ | खनिजजन्य | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ५ | निर्माणमूलक | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ६ | पर्यटनमूलक | १०२ | ४ | १ | १०७ | १५५५०० | ६६५२७ | २२२०२७ | १२९२७४ | ७७ | ३७ | २५५ | २०६ | ६२६७०० |
| ७ | सेवामूलक | १३४ | १० | ९ | १५३ | २२३८११५ | १२००७८१९ | ३४३८९०१४ | २७१७९४ | ७९ | ९२ | ३३९ | २७० | ११७९३०० |
| ८ | विज्ञानतथा सूचना प्रविधि | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| | जम्मा | ५८९ | २७ | १७ | ६३३ | ११६१२९९१५ | ५०४६१२१९ | १६६५९१२ | १०९७४५९ | ३९७ | २८७ | १५०२ | १२१७ | ४४१०४०० |

# उद्योग तथा वाणिज्य कार्यालय
# धुलिखेल, काभ्रेपलाञ्चोक
# आ.व २०८२/०८३ मा दर्ता भएका उद्योगको वार्षिक विवरण

ख. उद्योग प्रशासन सम्बन्धी अन्य कार्यहरुको विवरण

| क.स | उद्योगको प्रकृति | साना उद्योग | | | कुल जम्मा | उद्योग नविकरण | नामसारी संख्या | ठाउँसारी संख्या | उद्देश्य थप | लगत कट्टा संख्या | सुविधा सिफरिस | प्रतिलिपी | पुजि थप | उद्योग निरिक्षण | आइए स्वीकृत | अन्य कार्य | राजश्व |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | प्रा.फ | सा.फ | प्रा.लि | | | | | | | | | | | | | |
| 1 | उत्पादनमूलक | १७९ | ८ | २ | १८९ | १५० | ३ | २ | १ | ११ | ० | ७ | ४ | ० | ० | ११ | ७९४२२० |
| 2 | कृषितथा वन जन्य | १०३८ | २३ | ५ | १०६६ | ८७३ | ३१ | २ | ६ | ७६ | ० | ३९ | १८ | ० | ० | २१ | ४९०१९०० |
| 3 | उर्जामूलक | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| 4 | खनिजजन्य | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| 5 | निर्माणमूलक | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| 6 | पर्यटनमूलक | २३६ | ५ | ० | २४१ | १९६ | ४ | ३ | १ | १८ | ० | १३ | ४ | ० | ० | २ | ९१५१०५ |
| 7 | सेवामूलक | ७३७ | ३० | ५ | ७७२ | ६२४ | २३ | ४ | ४ | ५१ | १ | २१ | १७ | ० | ० | २७ | २८६०१२५ |
| 8 | विज्ञानतथा सूचना प्रविधि | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| | जम्मा | २१९० | ६६ | १२ | २२६८ | १८४३ | ६१ | ११ | १२ | १५६ | १ | ८० | ४३ | ० | ० | ६१ | ९४७१३५० |

## आ.व २०८२/०८३ को वाणिज्य तर्फको वार्षिक विवरण

| क्र.सं. | दर्ता | नवीकरण | खारेजी | नामसारी | ठाउँसारी | प्रतिलिपि | पूँजीवृद्धी | कुल राजश्व |
|---|---|---|---|---|---|---|---|---|
| १ | २९९ | १२६१ | १२३ | १६ | ९ | ६७ | ८४ | ७१८३०५० |

## आ.व २०८२/०८३ को वाणिज्य तर्फको वार्षिक राजश्व सम्बन्धी विवरण

| क्र.स | विवरण | आ.व ०८२।०८३वार्षिक | | कुल पुंजी रु हजारमा |
|---|---|---|---|---|
| | | संख्या | राजश्व | |
| १ | प्रा.फर्फर्म दर्ता | २८९ | १,९२०,९००।०० | ५६९२५० |
| २ | सा.फर्फर्म दर्ता | ६ | १०८,६००।०० | ६२००० |
| ३ | प्रा.लिफर्म दर्ता | ४ | ६४,४००।०० | ९००० |
| ४ | नविकरण | १२६१ | ४,१९५,३५०।०० | |
| ५ | नामसारी | १६ | ११७,६००।०० | |
| ६ | ठाउँसारी | ९ | २,७००।०० | |
| ७ | उद्देश्य संशोधन | ३ | ९००।०० | |
| ८ | लगतकट्टा | १२३ | ३७,०००।०० | |
| ९ | प्रतिलिपी | ६७ | ३३,५००।०० | |
| १० | पुंजीबृद्धि | ८४ | ६५४,५००।०० | |
| ११ | अन्य | १५ | ४७,६००।०० | |
| | जम्मा | १८७७ | ७,१८३,०५०।०० | ६४०२५० |

## आ.व २०८२/०८३ को वार्षिक शिर्षकगत राजश्व संकलनको अवस्था

| क्र.सं. | राजश्व शिर्षक | राजश्व |
|---|---|---|
| १ | १४२१३- अन्य विक्रीबाट प्राप्त रकम | ४०,४५०.०० |
| २ | १४२२९-अन्य प्रशासनिक सेवा शुल्क | ४,६२,३००.०० |
| ३ | १४२५३-व्यवसाय रजिष्ट्रेशन दस्तुर | २,०५,९९,५००.०० |
| ४ | १४३१२-प्रशासनिक दण्ड,जरिवाना र जफत | १,६३,०००.०० |
| ५ | १५१११-बेरुजु | ० |
| जम्मा रकम | | २,१२,६५,२५०.०० |

## गत ३ आर्थिक वर्षको राजश्व विवरण

| ०७८/०७९ | ०७९/०८० | ०८०/०८१ | ०८१/०८२ | ०८२/०८३ |
|---|---|---|---|---|
| २,७५,०३,८५०/– | २,४६,३७,७५०/– | २,११,५६,८००/– | २१९७२६९०/– | २१२६५२५०/– |

## विगत ५ आर्थिक वर्षको यस कार्यालयको तथ्याङ्क

| विवरण | ०७८/०७९ | ०७९/०८० | ०८०/०८१ | ०८१/०८२ | ०८२/०८३ |
|---|---|---|---|---|---|
| उद्योग दर्ता | १५७५ | ९८६ | ६५० | ५११ | ६३३ |
| वाणिज्य दर्ता | ६१० | ३९७ | २८२ | २८१ | २९९ |
| तालिम संख्या | ११ | १५ | २१ | २४ | २३ |
| प्रविधि हस्तान्तरण | ११३ | २१९ | २५१ | १३६ | ११२ |
| बजार अनुगमन | ३३० वटा | २१० वटा | ४९६ वटा | ५२५ वटा | २६५ वटा |
| | २५ पटक | ८ पटक | २० पटक | २४ पटक | २३ पटक |
| उद्योग अनुगमन | २३० | २३५ | २५३ | १६० | २१२ |

### काभ्रे जिल्लामा हालसम्म कार्यालयबाट निर्माण भएको कोशेली घरको विवरण

| क्र.स. | कोशेली घर स्थापना भएको ठेगाना | समन्वय | संख्या | हालको अबस्था |
|---|---|---|---|---|
| १ | धुलिखेल नगरपालिका वडा नं.८ देबिस्थान | धुलिखेल नगरपालिका | १ | धुलिखेल नगरपालिका लाई मिति २०८०।२।९ मा हस्तान्तरण गरिएको । |

### काभ्रे जिल्लामा हालसम्ममा कार्यालय बाट निर्माण भएको औधोगिक ग्रामको विवरण

| क्र.स. | औद्योगिक ग्राम स्थापना भएको ठेगाना | समन्वय | संख्या | हालको अबस्था |
|---|---|---|---|---|
| १ | मण्डन देउपुर नगरपालिका वडा नं.६ | मण्डन देउपुर नगरपालिका | १ | निर्माण सम्पन्न हुन बाँकी रहेको र तार बार गरी जग्गा छुट्याई राखिएको । |

### लघु उद्योग लक्षित साझा उद्यमी केन्द्रको विवरण

| क्र.स. | कोशेली घर स्थापना भएको ठेगाना | समन्वय | संख्या | हालको अबस्था |
|---|---|---|---|---|
| १ | नमोबुद्ध नगरपालिका वडा नं.७, भकुण्डेबेशी | नमोबुद्ध नगरपालिका | १ | निर्माण सम्पन्न भई हस्तान्तरणको क्रममा रहेको |

### उपभोक्ता तथा व्यवसायीहरूले ध्यान दिनुपर्ने कुराहरू:

- खरिद र बिक्री सम्बन्धी कारोबार गर्दा अनिवार्य रुपमा PAN Bill/VAT Bill मा गर्ने गराउने ।
- व्यवसायीहरूले प्रयोग गर्ने औजारहरु (जस्तैः ढक, तराजु आदि) को नवीकरणगर्ने/गराउने ।
- मूल्यसूची अद्यावधिक गर्ने/गराउने ।
- म्याद नाघेको सामाग्री खरिद बिक्री नगर्ने/नगराउने ।
- म्याद नाघेको सामाग्री बिक्री स्थलमा नराख्ने व्यवस्था गर्ने/गराउने ।
- व्यवसाय सञ्चालन सम्बन्धी अधिकारिक प्रमाणपत्रहरू अद्यावधिक गर्ने/गराउने ।
- व्यवसाय सञ्चालन गर्ने स्थलमा होर्डिङ्ग बोर्डको व्यवस्था गर्ने/गराउने ।
- व्यवसाय सञ्चालन गर्ने स्थलमा सरसफाईको उचित व्यवस्था मिलाउने ।
- खटिएका अनुगमन टोलीसँग सहकार्य र सहयोग गर्ने/गराउने ।

### काभ्रे जिल्लामा आ.व.०७२/०७३ देखि ०७४/०७५ सम्म यस कार्यालयबाट सिफारिस भई राष्ट्रिय वाणिज्य बैंकबाट महिला उद्यमशिलता विकास कोषबाट प्रदान गरिएको कर्जाको विवरण

| क्र.स. | आर्थिक वर्ष | कर्जा माग गर्ने संख्या | कर्जा प्रदान गरिएका संस्थाहरुको संख्या | प्रस्तावकले माग गरेको रकम | स्वीकृत रकम |
|---|---|---|---|---|---|
| १. | ०७२/०७३ | १८ | १५ | ७३,४०,०००/- | १७,००,०००/- |
| २. | ०७३/०७४ | १३ | ११ | ५५,००,०००/- | २०,००,०००/- |
| ३. | ०७४/०७५ | १३ | १३ | | २२,००,०००/- |
| | जम्मा संख्या | ४४ | ३९ | | ५९,००,००० /- |

### आ.व.०७२/०७३ देखि हालसम्म संचालन भएको उद्यमशिलता तथा सिप विकास तालिमको विवरण

| क्र.स. | आर्थिक वर्ष | सीप विकास तालिम | उद्यमशीलता तालिम | जम्मा संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १. | ०७२/०७३ | २०७ जान | ० | २०७ जना | |
| २. | ०७३/०७४ | ३०८ जना | १९७ जना | ५०५ जना | |
| ३. | ०७४/०७५ | ३१५ जना | १८१ जना | ४९६ | |
| ४. | ०७६/०७७ | ० | ० | | |
| ५. | ०७७/०७८ | ० | ० | | |
| ६. | ०७८/०७९ | ५७ जना | ० | ५७ जना | |
| ७. | ०७९/०८० | २४२ जना | ० | २४२ जना | |
| ८. | ०८०/०८१ | ३०७ जना | ११३ जना | ४२० जना | |
| ९. | ०८१/०८२ | ४९१ जना | ० | ४९१ जना | |
| १०. | ०८२/०८३ | ३४३ जना | १४ जना | ३५७ जना | |
| | जम्मा संख्या | २२७० जना | ५०५ जना | २७७५ जना | |

### हाल सम्म भएको उद्योग तथा वाणिज्य फर्म दर्ताको विवरण

| आर्थिक वर्ष | उद्योग | | | | जम्मा उद्योग | वाणिज्य |
|---|---|---|---|---|---|---|
| | लघु | प्रा.फ | सा.फ | प्रा.लि | | |
| २०७२।०७३ | ० | ५५० | ४९ | ३३ | ६३२ | ३६५ |
| २०७३।०७४ | ५४४ | ५०२ | ३३ | २८ | ११०७ | ४१० |
| २०७४।०७५ | ९९ | ५४२ | ५४ | ३७ | ७३२ | ३७२ |
| २०७५।०७६ | ५१ | ९२१ | ५७ | ६९ | १०९८ | ४०१ |
| २०७६।०७७ | १७ | ९९२ | ६८ | ७१ | ११४८ | १०९९ |
| २०७७।०७८ | ० | १८७५ | ९४ | ८७ | २०५६ | ७१५ |
| २०७८।०७९ | ० | १४९३ | ४० | ४२ | १५७५ | ६१० |
| २०७९।०८० | ० | ९२३ | ३० | ३३ | ९८६ | ३९७ |
| २०८०।०८१ | ० | ६०७ | २४ | २१ | ६५२ | २८२ |
| २०८१।०८२ | ० | ४६० | २४ | २७ | ५११ | २८१ |
| २०८२।०८३ | ० | ५८९ | २७ | १७ | ६३३ | २९९ |
| जम्मा | ७११ | ९४५४ | ५०० | ४६५ | १११३० | ५२३१ |

**०८३ असार मसान्तसम्म अभिलेखमा रहेको जम्मा उद्योगहरु १६१९६**
**०८३ असार मसान्तसम्म अभिलेखमा रहेको जम्मा वाणिज्य फर्म दर्ता ८२८३**

## बेरुजु र बेरुजु फछ्र्यौटको अवस्था

| बेरुजुको प्रकार | हालसम्म कायम बेरुजु रकम | यस आर्थिक वर्षमा फछ्र्यौट भएको रकम | बाँकी बेरुजु | कैफियत |
|---|---|---|---|---|
| नियमित गर्नुपर्ने | ० | ० | ० | ० |
| असुलउपर गर्नुपर्ने | ० | ० | ० | ० |
| पेश्की बेरुजु | ० | ० | ० | ० |
| कुल जम्मा | ० | ० | ० | ० |

## स्वीकृत कार्यक्रमको प्रगति विवरण

### उद्योग तथा वाणिज्य कार्यालयहरु तर्फको आ.व. ०८२/०८३को वार्षिक खर्च प्रगतिः

| क्र.सं. | कार्यक्रम | बजेट उप शिर्षक | बजेट | खर्च | भौतिक प्रगति % | वित्तिय प्रगति % |
|---|---|---|---|---|---|---|
| १ | पूँजीगत खर्च तर्फ | ३०७०१०१३४ | २६०००००० | २५८०१४८.९५ | १०० | ९९.२३ |
| २ | चालु खर्च तर्फ | ३०७०१०१३३ | ८८०२७४० | ७०७६९६६.४० | १०० | ८०.४ |

### उद्योग विकास तथा बजार अनुगमन कार्यक्रम तर्फको आ.व. ०८२/०८३को वार्षिक खर्च प्रगतिः

| क्र.सं. | कार्यक्रम | बजेट उप शिर्षक | बजेट | खर्च | भौतिक प्रगति % | वित्तिय प्रगति % |
|---|---|---|---|---|---|---|
| १ | पूँजीगत खर्च तर्फ | ३०७००११२४ | १८००००० | १७८७६७३ | १०० | ९९.३१ |
| २ | चालु खर्च तर्फ | ३०७००११२३ | १००४८९०० | ९१०३०४९ | १०० | ९०.६ |

**उद्योग तथा वाणिज्य कार्यालयमा सहकार्य गर्ने संघ/सस्थाहरु** — **फोन नं.**

१. नेपाल घरेलु तथा साना उद्योग महासंघ काभ्रे शाखा(अध्यक्ष) नितेश राज भण्डारी — ०११–६६१७८६
२. जिल्ला लघु उद्यमी समूह संघ (डिमेगा), काभ्रे (अध्यक्ष) उद्धव गिरी — ९८४१८०११२६
३. राष्ट्रिय उपभोक्ता मञ्च शाखा काभ्रे (अध्यक्ष) माधव प्रसाद श्रेष्ठ — ९८५१०१४१२८
४. स्थानीय लघु उद्यमी समूह संघ (१३ वटा)
५. विभिन्न वस्तुगत संघ संगठनहरु
६. विभिन्न व्यवसायिक सेवा प्रदायक संघ संस्थाहरु
७. उद्योग वाणिज्य संघहरु

## आ.व २०८२/०८३ मा गरिएको बजार अनुगमनको विवरण

| क्र.स | मिति | स्थान | अनुगमन गरिएको संख्या | जफत गरीएको सामान रकममा | जरिवाना |
|---|---|---|---|---|---|
| १ | २०८२।०५।१८ | बनेपा नगरपालिका | २० | ४८५३० | २५००० |
| २ | २०८२।०५।१९ | बनेपा नगरपालिका | ११ | ४४०७९ | |
| ३ | २०८२।०५।१९ | बनेपा नगरपालिका (शैक्षिक कन्सल्टेन्सी) | १२ | ० | ० |
| ४ | २०८२।०५।२० | धुलिखेल नगरपालिका | १२ | १००८० | १०००० |
| ५ | २०८२।०६।२९ | नमोबुद्ध नगरपालिका | २६ | १९४३० | |
| ६ | २०८२।०६।३० | पाँचखाल नगरपालिका | ४६ | १५२० | ० |
| ७ | २०८२।०८।१९ | धुलिखेल नगरपालिका | ५ | ६२४७० | ० |
| ८ | २०८२।०८।२३ | बनेपा नगरपालिका | ११ | २०९०० | ० |
| ९ | २०८२।०९।०२ | खानीखोला गाउँपालिका | १७ | २३७२ | ० |
| १० | २०८२।१०।०८ | बनेपा नगरपालिका | ४ | ० | ० |
| ११ | २०८२।१०।१५ | बनेपा नगरपालिका | ३ | ० | ० |
| १२ | २०८२।१०।१८ | पनौती नगरपालिका | ४ | ० | ० |
| १३ | २०८२।१०।१९ | पनौती नगरपालिका | २ | ० | ० |
| १४ | २०८२।१०।२० | पनौती नगरपालिका | ४ | ० | ० |
| १५ | २०८२।१०।२२ | धुलिखेल नगरपालिका | १० | १४३०० | ० |
| १६ | २०८२।११।२३ | बनेपा धुलिखेल नगरपालिका | ७ | ० | ० |
| १७ | २०८२।१२।०४ | बनेपा धुलिखेल नगरपालिका | ९ | ० | ० |
| १८ | २०८२।१२।०८ | पनौती नगरपालिका | ९ | ०।०० | ५००० |
| १९ | २०८३।०१।०३ | बनेपा नगरपालिका | १८ | १६४५०।०० | ० |
| २० | २०८३।०२।०८ | पाँचखाल नगरपालिका | ४ | ०।०० | ० |
| २१ | २०८३।०२।२८ | नमोबुद्ध न.पा तथा रोशी गा पा | ११ | १४३००।०० | ४०००० |
| २२ | २०८३।०३।२४ | नमोबुद्ध नगरपालिका | ७ | ५७५५।०० | ७५००० |
| २३ | २०८३।०३।२५ | भुम्लु गाउँपालिका | १३ | २१००।०० | ५००० |
| | | | २६५ | २६२२८६।०० | १६०००० |

### आ.व. ०८२/०८३ मा संचालन भएको उपभोक्ता हकहित संरक्षणका लागि उपभोक्ता सचेतना कार्यक्रम

| क्र.सं. | विवरण | स्थान |
|---|---|---|
| १ | नारायणस्थान माध्यामिक विद्यालय | तेमाल गा.पा. वडा नं.-५, काभ्रेपलाञ्चोक |
| २ | जनहित माध्यामिक विद्यालय | खानीखोला गा.पा. वडा नं.-७, काभ्रेपलाञ्चोक |
| ३ | पञ्चकन्या माध्यामिक विद्यालय | धुलिखेल न.पा. वडा नं.-३, काभ्रेपलाञ्चोक |

### आ.व. ०८२/०८३ मा संचालन भएको सरोकारवाला साग अन्तरक्रिया कार्यक्रम

| क्र.सं. | विवरण | स्थान |
|---|---|---|
| १ | स्थानीय तहसँग उद्योग तथा वाणिज्य प्रशासन नियमन सम्बन्धमा अन्तरक्रिया कार्यक्रम | खानिखोला गाउँपालिका |
| २ | निजी क्षेत्रको सहकार्यमा उपभोक्ता हकहित सम्बन्धि अन्तरक्रिया कार्यक्रम | काभ्रे उद्योग वाणिज्य संघ |

# आ.व २०८२/०८३ मा संचालन भएको उद्यमशिलता तथा सिप विकास तालिमको विवरण

| क स | तालिमको नाम | तालिम सञ्चालन स्थान | दलित | | जनजाती | | अन्य | | जम्मा | | कुल |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | जम्मा |
| १ | व्युटीपार्लर तालिम | बनेपा नगरपालिका | ० | ० | ७ | ० | ५ | ० | १२ | ० | १२ |
| २ | अचार बनाउने तालिम | बेथानचोक गाउँपालिका वडा नं ४ | ० | ० | २ | ० | ९ | ० | ११ | ० | ११ |
| ३ | स्पेशल सिलाइ कटाई तालिम | बेथानचोक गाउँपालिका वडा नं ५ | ० | ० | १३ | ० | ० | ० | १३ | ० | १३ |
| ४ | साबुन सरफ हार्पिक तथा फिनेल बनाउने तालिम | बनेपा नगरपालिका | ० | ० | १५ | ० | १ | १ | १६ | १ | १७ |
| ५ | अचार बनाउने तालिम | बेथानचोक गाउँपालिका वडा नं २ | १ | ० | ३ | ० | ९ | ० | १३ | ० | १३ |
| ६ | सिलाइ कटाइ तालिम | रोशी गाउँपालिका वडा नं ९ | ० | ० | १२ | ० | ० | ० | १२ | ० | १२ |
| ७ | कृतिम फुल बनाउने तालिम | बनेपा नगरपालिका | ० | ० | ९ | ० | २ | ० | ११ | ० | ११ |
| ८ | कृष्टल गर गहना बनाउने तालिम | बनेपा नगरपालिका | ० | ० | ७ | ० | २ | ० | ९ | ० | ९ |
| ९ | थान्का लेखन तालिम | खानीखोला गाउँपालिका | ० | ० | १६ | १ | ० | ० | १६ | १ | १७ |
| १० | मखमल चप्पल बनाउने तालिम | रोशी गाउँपालिका वडा नं ६ | ० | ० | ८ | ० | ६ | ० | १४ | ० | १४ |
| ११ | गलैचा बनाउने तालिम | तेमाल गाउँपालिका वडा नं ४ | ० | ० | १६ | ० | ० | ० | १६ | ० | १६ |
| १२ | अचार बनाउने तालिम | तेमाल गाउँपालिका वडा नं ४ | ० | ० | २ | १९ | ० | ० | २ | १९ | २१ |
| १३ | साबुन सरफ हार्पिक तथा फिनेल बनाउने तालिम | तेमाल गाउँपालिका वडा नं ४ | १ | ० | २० | ४ | ० | ० | २१ | ४ | २५ |
| १४ | साबुन सरफ हार्पिक तथा फिनेल बनाउने तालिम | तेमाल गाउँपालिका वडा नं ४ | ० | ० | १५ | ३ | ० | ० | १५ | ३ | १८ |
| १५ | अचार बनाउने तालिम | तेमाल गाउँपालिका वडा नं ४ | ० | ० | ४ | १७ | ० | ० | ४ | १७ | २१ |
| १६ | व्युटीपार्लर सम्बन्धी तालिम | बेथानचोक गाउँपालिका वडा नं ४ | ० | ० | ८ | ० | ० | ० | ८ | ० | ८ |
| १७ | मुडा बनाउने तालिम | तेमाल गाउँपालिका वडा नं ४ | ० | ० | १० | १ | ० | ० | १० | १ | ११ |
| १८ | साइपाटा बनाउने तथा उद्यमशिलता बिकास तालिम | बनेपा नगरपालिका | ० | ० | १० | ० | ४ | | १४ | ० | १४ |
| १९ | वारिष्टा सम्बन्धी तालिम | बनेपा नगरपालिका | ० | ० | ७ | ६ | ३ | १ | १० | ७ | १७ |
| २० | कृष्टल गर गहना बनाउने तालिम | पाँचखाल नगरपालिका वडा नं | ० | ० | ९ | ० | ४ | ० | १३ | ० | १३ |
| २१ | थान्का लेखन तालिम | चौरीदेउराली गाउँपालिका वडा नं ४ | ० | ० | ५ | १० | ० | ० | ५ | १० | १५ |
| २२ | स्पेशल सिलाइ कटाई तालिम | मण्डनदेउपुर नगरपालिका वडा नं ४ | ४ | ० | ४ | ० | ५ | ० | १३ | ० | १३ |
| २३ | कफि प्रसोधन तथा वारिष्टा सम्बन्धी तालिम | बनेपा नगरपालिका | ० | १ | ९ | ६ | ४ | २ | १३ | ९ | २२ |
| २४ | उद्यमशिलता बिकास तालिम | बनेपा नगरपालिका | ० | ० | १० | ० | ४ | | १४ | ० | १४ |
| | | जम्मा | ६ | १ | २२१ | ६७ | ५८ | ४ | २८५ | ७२ | ३५७ |

## आ.व ०८२/०८३ मा यस कार्यालयबाट ५०% लागत साझेदारीमा प्रविधि हस्तान्तरण कार्यक्रमको विवरण

| क्र.स. | प्रविधि हस्तान्तरण उद्योगको प्रकार | उद्योगको संख्या | कैफियत |
|---|---|---|---|
| १ | कृषि तथा वनमा आधारित उद्योग | ७६ वटा | आ.व ०८२/०८३ मा ११२ वटा फर्म लाइ प्रविधि हस्तान्तरण गरिएकोमा |
| २ | पर्यटनमुलक | ६ वटा | महिला प्रोपाइटर संख्या ६१ |
| ३ | सेवामुलक | २९ वटा | पुरुष प्रोपाइटर संख्या ५१ |
| ४ | उत्पादनमुलक | १ वटा | ११२ |
| | जम्मा प्रविधि प्राप्त गर्ने उद्यमी संख्या | ११२ वटा | |

## आ.व ०८२/०८३ मा भएका तालिम तथा अन्य उल्लेखनीय कार्यहरु:

- उद्योग तथा वाणिज्य कार्यालय, काभ्रेपलाञ्चोकलाई नमुना कार्यालयको रुपमा सेवा प्रवाह मिति २०८२/११/२९ गतेबाट  उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय मा.मन्त्री विन्दु श्रेष्ठज्यूको प्रमुख आतिथ्यतामा शुभारम्भ गरियो।
- प्रमुख जिल्ला अधिकारी श्री गोपाल कुमार अधिकारीज्यूको प्रमुख आतिथ्यता तथा सरोकारवालाहरुको उपस्थितिमा २०८२ मंसिर ९ गतेका दिन "औद्योगिक वातावरण सुधार, दिगो अर्थतन्त्रको आधार" नाराका साथ 'उद्योग दिवस'  धुलिखेल उद्योग वाणिज्य संघको सभाहलमा मनाइयो।
- मिति २०८२ चैत्र २ गतेका दिन सरोकारवालाहरूको उपस्थितिमा "विश्व उपभोक्ता दिवस" कार्यालयको सभाहलमा मनाइयो।
- यस आ.व.मा २४ स्थानमा विभिन्न सीपमूलक तथा उद्यमशीलता तालिम सम्पन्न भएकोमा महिला २८५ र पुरुष ७२ गरी जम्मा ३५७ लाई सीप विकास तथा महिला उद्यमशीलताको तालिम सम्पन्न गरियो।
- ११२ वटा फर्महरूलाई उद्यमीको ५० प्रतिशत लागत साझेदारीमा प्रविधि हस्तान्तरण कार्यक्रम सम्पन्न गरियो।
- जिल्लाका विभिन्न स्थानमा २३ पटक २६५ वटा उद्योग तथा वाणिज्य फर्महरूको अनुगमन सम्पन्न गरी रु. १ लाख ६० हजार जरिवाना तथा अनुमानित रु. २ लाख ६२ हजार २८६ रुपैया बराबरको अखाद्य तथा म्याद गुज्रिएका बस्तुहरूको जफत गरी व्यवसायीहरूको रोहबरमा नष्ट गरियो।
- खानीखोला गाउँपालिकामा सरोकारवालाहरूसँग अन्तरक्रिया तथा छलफल कार्यक्रम सम्पन्न गरियो।
- मिति २०८२/१२/२२ मा सम्पूर्ण कर्मचारीहरूको उपस्थितिमा उद्योग तथा वाणिज्य प्रशासन सम्बन्धी क्षमता अभिवृद्धि कार्यक्रम सम्पन्न गरियो।
- जिल्ला स्थित ३ वटा विद्यालयहरुमा उपभोक्ता हकहित संरक्षणका लागि उपभोक्ता सचेतना कार्यक्रम सम्पन्न गरियो।
- निजी क्षेत्रको सहकार्यमा उपभोक्ता हकहित सम्बन्धी अन्तरक्रिया कार्यक्रम काभ्रे उद्योग वाणिज्य संघको सभाहलमा सम्पन्न गरियो।
- लघु उद्योग लक्षित साझा उद्यमी केन्द्र नमोबुद्ध नगरपालिका वडा नं ७ भकुण्डेवेशी मा निर्माण सम्पन्न गरियो।

## उपभोक्ता तथा व्यवसायी वर्गहरुमा अनुरोध

नेपालको संविधानले सुनिश्चित गरेको उपभोक्ताको हकहितलाई उद्योगी/व्यवसायीहरुले उपलब्ध गराएको वस्तु एवं सेवा मार्फत सन्तुष्ट पार्न प्रयासरत रहेकोमा यस कार्यालय सम्पूर्ण उद्योगी/ व्यवसायीहरुलाई धन्यवाद ज्ञापन गर्दछ। उपभोक्तालाई सुपथ मूल्यमा गुण्स्तरीय वस्तु तथा सेवा उपलब्ध गराउन तथा बजारलाई प्रतिस्पर्धी र स्वच्छ बनाउन यस कार्यालयबाट बजार अनुगमनको कार्य गरिदै आएको जानकारी गराउँदछौ। अनुगमनको कार्यमा सरोकारवालाहरुको प्रभावकारी समन्वय र सहकार्य रहनेछ भन्ने यस कार्यालयको अटुट विश्वास रहेको छ।

### व्यवसायीहरुले ध्यान दिनुपर्ने कुराहरु:

- आफ्नो व्यवसाय स्थलमा सबैले देख्नेगरी प्रत्येक सामानको मूल्य सूचि राख्ने गरौं।
- व्यवसायीले खरिद गरेको विल र विक्री गरेको विल व्यवस्थित रुपमा राख्ने गरौं।
- म्याद नाघेको सामान विक्री-वितरण नगरौं ।
- ढक र तराजु अनिवार्य रुपमा प्रमाणीकरण गरेर मात्र प्रयोग गरौं।
- आफ्नो व्यवसाय स्थानीय तह, प्रदेश वा केन्द्रमा दर्ता गरी सोको प्रमाणपत्र देखिने ठाउँमा राख्ने गरौं।
- करदाता प्रमाणपत्र व्यवसाय स्थलमा राखौं।
- अनुचित व्यापारिक क्रियाकलाप नगरौं, उपभोक्ता हक, अधिकारको सम्मान गरौं।

### उपभोक्ताहरुले ध्यान दिनु पर्ने कुराहरु:

- व्यवसाय दर्ता गरेको व्यवसायी सँग मात्र सामान खरिद गर्ने बानी बसालौं।
- कारोबार स्थलमा साइनबोर्ड मूल्यसूची भए नभएको हेरौँ, साथै प्याकिङ्गमा अधिकतम खुद्रा मूल्य भए नभएको हेरौं।
- प्याकिङ्ग सामानको लेबलमा उत्पादकको नाम, ठेगाना र वस्तुको ब्याच नम्बर, तौल, उत्पादन मिति र उपभोग्य मिति हेरेर मात्र सामान खरिद गरौं।
- वस्तु उत्पादन गर्दा प्रयोग भएको कच्चा पदार्थ, भण्डार विधि र उपयोग गर्ने तरिका छ / छैन हेरौं।
- औषधी तथा औषधीजन्य पदार्थहरुको प्याकिङ्गमा उपभोग्य मिति र प्रयोग गर्ने तरिका छ / छैन हेरौं।
- सामान खरिद गर्दा विल पाउनु उपभोक्ताको अधिकार हो। वस्तु तथा सेवा खरिद गर्दा अनिवार्य रुपमा प्यान /भ्याट विल लिने गरौं।
- गुणस्तरहीन वस्तु खरीद नगरौं, उपभोक्ताको अधिकार बारे सचेत बनौं।
- कालोबजारी, नाफाखोरी भएको जानकारी भएमा, अखाद्य वा कमसल उपभोग्य वस्तु तथा सेवाको विक्री वितरण भएको जानकारी हुन आएमा उद्योग तथा वाणिज्य कार्यालय, स्थानीय प्रहरी कार्यालय वा जिल्ला प्रशासन कार्यालयमा उजुरी गरौ।

### उत्पादक, व्यवसायी एवम् उपभोक्ता महानुभावहरुमा अनुरोध:
### प्याकिङ्ग भएका वस्तुको लेबलमा अनिवार्य हुनुपर्ने निम्न कुराहरु छ, छैन हेर्ने गरौं ।

- उत्पादकको नाम, ठेगाना, उद्योग दर्ता नं. र खाद्य वस्तुको हकमा खाद्य अनुज्ञा पत्र ।
- खाद्यपदार्थ, औषधी र सौन्दर्यका सामाग्री जस्ता वस्तुमा भएको मिश्रणका तत्त्व, परिमाण एवं तौल
- गुणस्तर निर्धारण भएको वस्तु भएमा त्यस्ता वस्तुको गुणस्तर, वस्तु उपभोग गर्ने तरिका र त्यस्तो वस्तु उपभोग गरेबाट हुन सक्ने नकारात्मक प्रभाव (साइड इफेक्ट)।
- निश्चित अवधिभित्र उपभोग गरीसक्नुपर्ने वस्तु भए त्यस्तो अवधि, वस्तुको विक्री मूल्य, ब्याच नम्बर र उत्पादन मिति।
- इलेक्ट्रोनिक्स, हार्डवेयर, विद्युतीय यान्त्रिक वा लामो समयसम्म प्रयोगमा रहने वस्तु भए त्यस्तो वस्तुको ग्यारेण्टी/वारेण्टी मिति तथा सो वस्तुसँग सम्बन्धित कानून बमोजिम अन्य आवश्यक कुरा, वस्तु तथा सेवामा कुनै त्रुटी देखिएमा त्यसको शोधभर्ना दिने वा निश्चित अवधिसम्म मर्मत गरिदिने व्यवस्था।
- प्रज्वलनशील, दुर्घटनाजन्य वा सजिलैसँग टुटफुट हुन सक्ने वस्तु भए त्यस्तो वस्तुको सुरक्षाको लागि अपनाउनुपर्ने पूर्व सावधानी सम्बन्धी विवरण, वस्तु प्रयोग गर्नुपूर्व कुनै प्रक्रिया नपुर्‍याई प्रयोग गर्दा हुन सक्ने हानी नोक्सानी।
- मानव स्वास्थ्यलाई हानी पुर्‍याउने खालका पदार्थहरूको लेबलमा चेतनामूलक सन्देश, चित्र वा चिन्हको प्रयोग र तोकिए बमोजिमका अन्य विवरण।

## कसुर गरेको मानिने वा सजाय हुने अवस्थाः

- व्यवसाय दर्ता नगरी संचालन गरेमा रु दश हजार देखि पन्ध्र हजार सम्म जरिवाना हुन सक्नेछ।
- फर्म दर्ता गर्दा झुठा विवरण दाखिला गर्नेलाई दर्ता गर्ने निकायले पाँचहजार सम्म जरिवाना गर्न सक्नेछ।
- लेवल नगरेको वा लेवलमा झुठा विवरण उल्लेख गरेमा पाँच हजार देखि पन्ध्र हजार सम्म जरिवाना हुन सक्नेछ।
- सम्बन्धित निकायमा दिनुपर्ने सूचना/विवरण तोकिएको म्यादभित्र नदिने वा झुठा विवरण दिने फर्मलाई तोकिएको निकायले चालीस हजार सम्म जरिवाना गर्न सक्नेछ।
- पैठारीकर्ता, ढुवानीकर्ता, संचयकर्ता र विक्रेताले विक्री प्रयोजनको खरिद विल वा विक्री विल नराखेमा दश हजार देखि पन्ध्र हजार सम्म जरिवाना हुन सक्नेछ।
- वस्तु वा सेवाको वास्तविक गुणस्तर, परिमाण, मूल्य, नापतौल, ढाँचा वा बनावट ढाँटी, लुकाइ छिपाइ वा झुक्याई त्यस्तो वस्तु वा सेवा विक्री वितरण गर्ने, सेवा वा वस्तुको कृत्रिम अभाव सिर्जना गरी जम्माखोरी गर्ने, विक्री गरेको वस्तु वा सेवाको विल वा विजक जारी गर्न इन्कार गर्ने वा विल बिजक जारी नगर्ने वा विल बिजक जारी गर्दा थप रकम माग्ने, उपभोग गर्नुपर्ने अवधि व्यतित भैसकेको उपभोग्य वस्तु वा उपभोग गर्न नमिल्ने वस्तुमा नयाँ लेबल लगाई वस्तु विक्री गरेमा दुई लाख पचास हजारदेखि तीन लाख रूपैयाँ सम्म जरिवाना हुन सक्नेछ।
- मूल्यसूची, दर्ता प्रमाण-पत्र र पान भ्याटको प्रमाण पत्र नराखेमा पचास हजार देखि पचहत्तर हजार सम्म जरिवाना हुन सक्नेछ।
- उद्योग, व्यवसाय स्थलमा साधारण फोहरमैला भएमा पच्चीस हजार रूपैयाँ सम्म जरिवाना हुन सक्नेछ।
- रासायनिक फोहरमैला, औद्योगिक फोहरमैला, स्वास्थ्य संस्थाजन्य फोहरमैला वा हानीकारक फोहरमैला भएमा फोहरको मात्रा र प्रकृति हेरी दुई लाख रुपैयाँ सम्म जरिवाना हुन सक्नेछ।
- मरेको वा मारेको पशुपंक्षी र सोको लादी, प्वाँख, हड्डी तथा माछाको कत्ला आदि सार्वजनिक स्थल, गल्ली, चोकमा राख्ने फाल्ने गरेमा पचास हजार रूपैया सम्म जरिवाना हुन सक्नेछ।
- निरीक्षण अधिकृतलाई बाधा विरोध गरेमा वा अनुगमनको क्रममा असहयोग गरेमा बीस हजार सम्म जरिवाना हुन सक्नेछ।
- जाँचबुझ, निरीक्षण वा अनुगमनमा तत्काल कैफियत पाइएमा बजार अनुगमन टोली वा निरीक्षण अधिकृतले पाँच हजार देखि तीन लाख सम्म जरिवाना र थप सजाय समेत गर्न सक्ने व्यवस्था रहेको छ।

हरेक उपभोक्ता सचेत बनौं उत्पादक, बिक्रेता वा आपूर्तिकर्ताले उपभोक्ता संरक्षण ऐन, २०७५ र प्रादेशिक व्यापार तथा व्यवसाय सम्बधी ऐन, २०७६ ले तोकेको प्रावधानहरु अनिवार्य पालन गरौं । गुणस्तर हीन वा शंकास्पद वस्तु बिक्री गरेको वा उपभोक्ता हक हनन् वा ठगी भएको अवस्थामा जिल्ला प्रशासन कार्यालय काभ्रे, (फोन नं. ०११४९०१२३) उद्योग तथा वाणिज्य कार्यालय धुलिखेल, काभ्रे (फोन नं. ०११४९०१५४/४९०९७८), जिल्ला प्रहरी कार्यालय, धुलिखेल काभ्रे (फोन नं. ०११४९०१००) मा उजुरी वा गुनासो दर्ता गर्न सकिनेछ।

| क्र.स | स्थानिय निकायको नाम | उद्योग वाणिज्य संघको नाम | उद्योग वाणिज्य संघको अध्यक्षको नाम | फोन नं. |
|---|---|---|---|---|
| १. | बनेपा नगरपालिका | काभ्रे उद्योग वाणिज्य संघ | प्रताप वैद्य | ०११-६१२७३ |
| २. | धुलिखेल नगरपालिका | धुलिखेल उद्योग वाणिज्य संघ | कोमल सुन्दर श्रेष्ठ | ०११-४९०५२० |
| ३. | पनौती नगरपालिका | पनौती उद्योग वाणिज्य संघ | भोला थापा | ९८५१०४९७८३ |
| ४. | पाँचखाल नगरपालिका | पाँचखाल उद्योग वाणिज्य संघ | राजन कार्की | ९८४१२७४५९५ |
| ५. | नमोबुद्ध नगरपालिका | नमोबुद्ध उद्योग वाणिज्य संघ | बसुनारायण श्रेष्ठ | ९८५१११६७४३ |
| ६. | मण्डनदेउपुर नगरपालिका | मण्डनदेउपुर उद्योग वाणिज्य संघ | बद्री नेपाल | ९८४१२८४९०८० |
| ७. | भुम्लु गाउँपालिका | दोलालघाट उद्योग वाणिज्य संघ | सुरेश कुमार कक्षपति | ९८४१२५५११८ |
| ८. | रोशी गाउँपालिका | रोशी उद्योग वाणिज्य संघ | गणजीत वल | ९८५११७३८४९ |

## काभ्रेपलाञ्चोक जिल्लामा रहेका नगर प्रमुख तथा उप प्रमुखहरूको नाम र सम्पर्क नं

| क्र.स | नगरपालिकाको नाम | नगर प्रमुखको नाम | सम्पर्क नं. | नगर उप प्रमुखको नाम | सम्पर्क नं. |
|---|---|---|---|---|---|
| १. | धुलिखेल नगरपालिका | निराजन जंगम (कार्यवाहक) | ९८५१०७३१७५ | | |
| २. | बनेपा नगरपालिका | शान्ति रत्न शाक्य | ९८५१०१०३८३ | बिमला सापकोटा दाहाल | ९८४९५७३००० |
| ३. | पनौती नगरपालिका | राम शरण भण्डारी | ९८५१०८१२७२ | गीता बञ्जारा | ९८४१५४३१३९ |
| ४. | पाँचखाल नगरपालिका | महेश खरेल | ९८४३०४१७८८ | सुर्य माया दनुवार | ९८४१५१९२४२ |
| ५. | नमोबुद्ध नगरपालिका | कुन्साङ लामा | ९८५१२५३६८० | रत्न बहादुर लामा | ९८६६१९५९४४ |
| ६. | मण्डनदेउपुर नगरपालिका | टोक बहादुर वाइबा | ९८५११९९९१८ | विष्णु मणी नेपाल | ९८५१२५४३१५ |

## काभ्रेपलाञ्चोक जिल्लामा रहेका गाउँपालिका अध्यक्ष तथा उपाध्यक्षहरूको नाम र सम्पर्क नं.

| क्र.सं. | गाउँपालिकाको नाम | गाउँपालिका अध्यक्षको नाम | सम्पर्क न | गाउँपालिका उपाध्यक्षको नाम | सम्पर्क नं. |
|---|---|---|---|---|---|
| १ | खानीखोला गाउँपालिका | इन्द्र बहादुर थिङ | ९८५११६१७९९ | दोर्जेमान जिम्बा | ९८६७८१३८७९ |
| २ | महाभारत गाउँपालिका | कान्छामान जिम्बा | ९७५१००९७१० | सागर मोक्तान | ९८५१०२५३४७ |
| ३ | रोशी गाउँपालिका | दिनेश लामा | ९८५११५७९८२ | मिम बहादुर वाइवा ज्वाला | ९८५१२३८८२७ |
| ४ | बेथानचोक गाउँपालिका | भगवान अधिकरी | ९८५१०८९७३३ | तारा राना तिमल्सिना | ९८४१५३२५७२ |
| ५ | तेमाल गाउँपालिका | चन्द्र बहादुर लामा | ९८५१०८२२९४ | दलमान थोकर | ९८५११३९२१२ |
| ६ | भुम्लु गाउँपालिका | प्रेम बहादुर भुजेल | ९८४३५३२०८० | जितेन्द्र मान तामाङ | ९८५१०१३५८० |
| ७ | चौरीदेउराली गाउँपालिका | रेनुका चौलागाई | ९८५१२१३६९३ | शेर बहादुर लामा | ९८५१०९५२३७ |

## १३ नगरपालिका गाउँपालिकाको सम्पर्क नं.

| क्र.स | १३ नगरपालिका गाउँपालिका | मोबाइल नं. | इमेल |
|---|---|---|---|
| १ | धुलिखेल नगरपालिका | ०११–४९०३२४<br>९८५१०५६९७५ | info.dhulikhel@gmail.com<br>info@dhulikhelmun.gov.np |
| २ | बनेपा नगरपालिका | ०११ –६६१२४१,<br>०११–६६१४०७<br>९८५१०७३१७५ | ict.banepamun@gmail.com<br>info@banepamun.gov.np |
| ३ | पनौती नगरपालिका | ९८५११६९२७२ | bhimneupane95@gmail.com |
| ४ | पाँचखाल नगरपालिका | ९८४३०४१७८८ | panchkhal.municipality @gmail.com |
| ५ | नमोबुद्ध नगरपालिका | ०११४०४०३१<br>९८५११४९१६० | namobuddhamun@gmail.com |
| ६ | मण्डनदेउपुर नगरपालिका | ९८५११९९९१८ | mandandeupurmun@gmail.com |
| ७ | खानीखोला गाउँपालिका | ९८४१२१७७३१ | khanikholamun@gmail.com |
| ८ | चौरीदेउराली गाउँपालिका | ९८५१००३०३० | ito.chaurideurali@gmail.com |
| ९ | तेमाल गाउँपालिका | ९८५१०८३९५३ | temalmun2@gmail.com |
| १० | बेथानचोक गाउँपालिका | ९८५१०९९५११ | bethanchowkmun@gmail.com |
| ११ | भुम्लु गाउँपालिका | ९८५१०८४८०८<br>९८४११८१४६७ | cad.bhumlumun@gmail.com |
| १२ | महाभारत गाउँपालिका | ९८५१२०५७१०<br>९६१४४८२३६६ | sansarijimba.75@gmail.com |
| १३ | रोशी गाउँपालिका | ९८५१०२३६७३ | roshi2073@gmail.com |

# उद्योग तथा वाणिज्य कार्यालय, काभ्रेपलाञ्चोकः- नमूना कार्यालयको रूपमा सेवा शुभारम्भ



रबिन घिमिरे
कार्यालय प्रमुख

**१.पृष्ठभूमि**

सुशासन, नागरिकमैत्री सेवा प्रवाह तथा सार्वजनिक प्रशासनको प्रभावकारिता अभिवृद्धि गर्ने हेतुले बागमती प्रदेश सरकारको नीतिअनुरूप उद्योग तथा वाणिज्य कार्यालय, काभ्रेपलाञ्चोकले आर्थिक वर्ष २०८२/०८३ मा नमूना कार्यालयका रूपमा सेवा शुभारम्भ गरेको छ। यस अभियानको मूल उद्देश्य सेवाग्राहीलाई छिटो, सहज, गुणस्तरीय, पारदर्शी तथा प्रविधिमैत्री सेवा उपलब्ध गराउनुका साथै सार्वजनिक सेवाप्रति नागरिकको विश्वास अभिवृद्धि गर्नु हो।

कार्यालयले "**सेवाग्राहीको अधिकार, शीघ्र सेवा र शिष्ट व्यवहार**" भन्ने मूल भावनालाई आत्मसात् गर्दै सेवा प्रवाहको प्रत्येक पक्षमा सुधारका कार्यक्रमहरू कार्यान्वयन गरेको छ। नमूना कार्यालयको अवधारणा केवल भौतिक संरचना सुधारमा सीमित नभई कार्यसंस्कृति, व्यवस्थापन प्रणाली, सूचना प्रविधिको उपयोग, कर्मचारीको उत्तरदायित्व तथा सेवाग्राही सन्तुष्टिलाई केन्द्रमा राखी समग्र सेवा प्रणालीमा परिवर्तन ल्याउने अभियान हो।

**२.नमूना कार्यालयका रूपमा उद्योग तथा वाणिज्य कार्यालय, काभ्रेपलाञ्चोकमा गरिएका प्रमुख सुधारहरू**

**(क) सेवाग्राहीमैत्री कार्यालय वातावरणः**

कार्यालयमा प्रवेश गर्ने सेवाग्राहीले सहज, सम्मानजनक र व्यवस्थित वातावरणमा सेवा प्राप्त गर्न सकुन भन्ने उद्देश्यले कार्यालय परिसरलाई सफा, सुरक्षित, व्यवस्थित तथा आकर्षक बनाइएको छ।सेवाग्राहीको सहजताका लागि व्यवस्थित सेवाग्राही कक्ष निर्माण गरिएको छ। सेवाग्राही कक्षमा शुद्ध खानेपानी, चिया/कफी, इन्टरनेट, मोबाइल चार्जिङ सुविधाको प्रबन्ध मिलाइएको छ।उद्यम गर्न चाहने व्यक्तिहरुलाई उत्प्रेरित गर्न सकियोस भन्ने उद्देश्यका साथ काभ्रेपलाञ्चोक जिल्ला स्थित उद्यमीहरुले उत्पादन गरेको सामाग्रीहरुलाई सोकेशमा सजाइएको छ। स्वच्छ शौचालय तथा महिला, ज्येष्ठ नागरिक, गर्भवती तथा अपाङ्गता भएका व्यक्तिहरूको सहज पहुँच सुनिश्चित गरिएको छ।

**(ख) सूचना प्रवाहमा पारदर्शिताः**

कार्यालयमा सेवाग्राही कक्षमा नागरिकहरुले देख्ने गरी म्भषष्तर्बा म्भ्कउबिथ द्ययबचम राखिएको छ।जसमा नागरिक बडापत्र डिसप्ले हुने प्रवन्ध मिलाइएको छ।डिजिटल नागरिक बडापत्रमा सेवा प्राप्त गर्न चाहिने आवश्यक कागजात, प्रक्रिया, सेवा शुल्क, जिम्मेवार शाखा तथा सेवा सम्पन्न हुने समयावधि स्पष्ट रूपमा उल्लेख गरिएको छ। डिजिटल डिस्प्लेमा कार्यालयले सम्पादन गरेका सम्पूर्ण गतिविधिहरु सेवाग्राहीहरुले हेर्न सकिने व्यवस्था गरिएको छ।सोमा सेवाग्राहीलाई आवश्यक जानकारी सहज रूपमा उपलब्ध गराइएको छ।कार्यालयबाट सम्पादित सम्पूर्ण गतिविधिहरु जस्तै सीपमूलक तालिम, उद्यमशीलता प्रवर्द्धन, बजार अनुगमन, सूचना तथा जानकारीहरु कार्यालयको आधिकारिक फेसबुक पेज उद्योग तथा वाणिज्य कार्यालय काभ्रे एवं वेबसाइट https://csiokavre.gov.np. मा नियमित रुपमा अपडेट गरिएको छ।

**(ग) सेवा प्रक्रियाको सरलीकरणः**

उद्योग दर्ता, नवीकरण, नामसारी, खारेजी, वाणिज्य सम्बन्धी सिफारिस तथा अन्य सेवाहरूको प्रक्रियालाई सरल, छिटो र प्रभावकारी बनाइएको छ। कार्यालयमा रहेका करिव ३० हजार फाइलको प्रभावकारी व्यवस्थापन गरिएको छ।उद्योग वाणिज्य प्रशासन सम्बन्धी सम्पूर्ण सेवाहरु One Stop Services मार्फत् प्रदान गर्ने व्यवस्था मिलाइएको छ।एकद्वार प्रणालीबाट सेवा प्रवाह हुने

व्यवस्थाले सेवाग्राहीहरुले फाइल बोकेर ढोका ढोका चाहार्नुपर्ने झन्झटको अन्त्य भएको छ भने सोबाट अनावश्यक प्रशासनिक चरणहरू घटाई सेवाग्राहीको समय, श्रम र लागत समेत बचत भएको छ।

(घ) **सूचना प्रविधिको प्रभावकारी प्रयोगः**

कार्यालयले विद्युतीय अभिलेख व्यवस्थापन, डिजिटल पत्राचार, अनलाइन सेवाको उपयोग तथा सूचना प्रविधिमा आधारित व्यवस्थापन प्रणालीलाई प्राथमिकता दिएको छ।कार्यालयमा राजस्व संकलनका लागि डिजिटल भुक्तानीको प्रबन्ध मिलाइएको छ।यसबाट सेवा प्रवाह थप छिटो, विश्वसनीय तथा पारदर्शी बनेको छ।

(ङ) **गुनासो तथा सुझाव व्यवस्थापनः**

सेवाग्राहीका गुनासो, सुझाव र प्रतिक्रिया संकलनका लागि प्रभावकारी संयन्त्र जस्तै (कार्यालयमा सुझाव पेटिकाको व्यवस्था, सेवाग्राही सन्तुष्टि सर्वेक्षण फारम, ईमेल तथा सामाजिक सञ्जाल मार्फत्) स्थापना गरिएको छ। प्राप्त सुझावका आधारमा सेवा सुधारका कार्यहरू निरन्तर रूपमा कार्यान्वयन गर्दैं आएका छन् । यसले सेवाग्राहीको सहभागिता र कार्यालयप्रतिको विश्वासलाई सुदृढ बनाएको छ।

(च) **सुशासन र उत्तरदायी कार्यसंस्कृतिः**

कर्मचारीहरूमा समयपालन, अनुशासन, इमानदारी, जवाफदेहिता तथा सेवामुखी व्यवहारलाई संस्थागत गरिएको छ।कार्यालयमा विद्युतीय हाजिरीको व्यवस्था एवं मुस्कान सहितको सेवा प्रवाह कार्यसंस्कृतिलाई अवलम्वन गरिएको छ । नियमित अनुगमन, आन्तरिक समीक्षा तथा कार्यसम्पादन मूल्याङ्कन मार्फत् सेवा प्रवाहलाई अझ प्रभावकारी बनाइएको छ।

(छ) **उद्योग तथा व्यवसाय प्रवर्द्धनमा सहजीकरणः**

उद्यमी तथा व्यवसायीहरूलाई उद्योग स्थापना, दर्ता, नवीकरण, कानुनी प्रक्रिया तथा सरकारी सेवा सम्बन्धी आवश्यक परामर्श र सहजीकरण प्रदान गरिएको छ। स्थानीय तह, निजी क्षेत्र तथा सरोकारवाला निकायसँग समन्वय एवं विभिन्न समयमा अन्तरक्रिया गरी औद्योगिक तथा व्यावसायिक वातावरणलाई थप अनुकूल बनाउने प्रयास निरन्तर जारी रहेको छ।

**३. नमूना कार्यालयबाट प्राप्त उपलब्धिहरूः**

उद्योग तथा वाणिज्य कार्यालय, काभ्रेपलाञ्चोकमा नमूना कार्यालयका रूपमा सेवा सञ्चालन भएपछि सेवाग्राहीले सेवा प्राप्त गर्न लाग्ने समय घटेको, सेवा प्रवाहमा पारदर्शिता बढेको, कार्यालयप्रतिको जनविश्वास अभिवृद्धि भएको तथा कर्मचारीहरूमा थप जिम्मेवारीबोध र सेवामुखी कार्यसंस्कृतिको विकास भएको छ।कार्यालय परिसरको व्यवस्थापन, सूचना प्रविधिको प्रयोग तथा सेवा प्रक्रियाको सरलीकरणले सेवाको गुणस्तरमा उल्लेखनीय सुधार ल्याएको छ।

**४. कार्यालयमा गर्नुपर्ने थप सुधारका कार्यहरुः**

कार्यालयमा कार्यक्रम सञ्चालन गर्न सभाहल नभई कठिनाई भएको हुँदा सोका लागि पुरानो भवन मर्मतसम्भार गरी सभाहल बनाइएकोले सोको सञ्चालनका लागि आवश्यक पूर्वाधारहरु जस्तै साउण्ड सिस्टम, डिजिटल डिस्प्ले तथा फर्निचर व्यवस्थापन गर्नुपर्ने आवश्यकता रहेको छ।कार्यालय भवन अगाडी रहेको खाली जमिनमा सौन्दर्यीकरणका लागि आवश्यक कार्यहरु जस्तै फाउण्टेन तथा गार्डेन निर्माण, रुख कटानका कार्यहरु गर्नुपर्ने देखिन्छ।विद्युत सेवा अवरुद्ध भएको समयमा हाल रहेको इन्भटर क्षमता न्यून रहेकोले सोको व्यवस्था गर्नुपर्ने अत्यावश्यकता रहेको छ।साथै, कार्यालयमा भएको पुरानो जिन्सी सामानहरुको प्रभावकारी व्यवस्थापन गर्नका लागि आवश्यक प्रक्रिया अगाडी बढाउनु पर्ने आवश्यकता रहेको छ।

**५.निष्कर्षः**

उद्योग तथा वाणिज्य कार्यालय, काभ्रेपलाञ्चोकको नमूना कार्यालयका रूपमा सेवा शुभारम्भ सार्वजनिक प्रशासनमा सुधार, सुशासन प्रवर्द्धन तथा सेवाग्राहीमैत्री सेवा प्रवाहको दिशामा एउटा महत्वपूर्ण उपलब्धि हो।कार्यालयले अपनाएका उत्कृष्ट अभ्यासहरूले सेवा वितरणलाई थप प्रभावकारी, पारदर्शी र विश्वसनीय बनाएको छ । आगामी दिनहरूमा पनि निरन्तर सुधार, नवप्रवर्तन, डिजिटल रूपान्तरण तथा सेवाग्राही सन्तुष्टिलाई केन्द्रमा राखी उत्कृष्ट सार्वजनिक सेवा प्रदान गर्ने कार्यालयको प्रतिबद्धता रहेको छ।यस अभियानले उद्योग तथा व्यवसाय प्रवर्द्धन, आर्थिक विकास र सुशासनको लक्ष्य हाँसिल गर्न महत्वपूर्ण योगदान पुऱ्याउने विश्वास लिइएको छ।

# आजको आवश्यकताः युवा उद्यमशीलता



रबिन्द्र प्रसाद चौलागाई
उद्यम विकास सहजकर्ता

**भूमिका**

नेपाल विकासोन्मुख राष्ट्र हो । यहाँ प्रशस्त प्राकृतिक स्रोत, सांस्कृतिक विविधता र युवा जनशक्ति भए पनि बेरोजगारी, गरिबी र वैदेशिक रोजगारीमा निर्भरता जस्ता समस्या अझै पनि गम्भीर छन् । प्रत्येक वर्ष हजारौं युवा उच्च शिक्षा हासिल गरेपछि पनि उपयुक्त रोजगारी नपाएर विदेश जाने बाध्यता भोगिरहेका छन् । यसले देशको उत्पादनशील जनशक्तिको पलायन गराएको छ। यस्तो अवस्थामा युवाहरूले जागिर खोज्ने मानसिकताभन्दा उद्यम गर्ने सोच विकास गर्नु अत्यन्त आवश्यक भएको छ। आफ्नै सीप, ज्ञान, मेहनत र सिर्जनशीलताको प्रयोग गरी व्यवसाय सुरु गर्ने क्षमता र आत्मविश्वासलाई युवा उद्यमशीलता भनिन्छ। आजको प्रतिस्पर्धात्मक र प्रविधिमैत्री युगमा आर्थिक समृद्धि, रोजगारी सिर्जना र आत्मनिर्भर समाज निर्माणका लागि युवा उद्यमशीलता सबैभन्दा महत्वपूर्ण आवश्यकता बनेको छ ।

**युवा उद्यमशीलताको अर्थ**

उद्यमशीलता भनेको अवसरको पहिचान गरी नयाँ व्यवसाय स्थापना गर्ने, जोखिम बहन गर्ने, नवीन सोच अपनाउने र उपलब्ध स्रोतसाधनको उचित प्रयोग गरेर आर्थिक तथा सामाजिक मूल्य सिर्जना गर्ने प्रक्रिया हो । जब यो कार्य युवाहरूले गर्छन्, त्यसलाई युवा उद्यमशीलता भनिन्छ। उद्यमशील युवा केवल आफ्नै आय आर्जन गर्ने व्यक्ति मात्र होइन, उनी समाजमा परिवर्तन ल्याउने, नयाँ प्रविधि भित्र्याउने र अरूका लागि पनि रोजगारी सिर्जना गर्ने नेतृत्वदायी शक्ति हुन् ।

**नेपालको वर्तमान अवस्था**

नेपालमा शिक्षित बेरोजगारको संख्या बढ्दो क्रममा छ। सरकारी र निजी क्षेत्रमा सीमित रोजगारीका अवसरका कारण धेरै युवाहरू विदेश जान बाध्य छन् । वैदेशिक रोजगारीबाट प्राप्त रेमिट्यान्सले अर्थतन्त्रलाई केही हदसम्म सहयोग गरे पनि दीर्घकालीन विकासका लागि यो दिगो उपाय होइन। देशभित्र नै उद्योग, कृषि, पर्यटन, सूचना प्रविधि, हस्तकला, सेवा तथा उत्पादन क्षेत्रमा उद्यमको विस्तार गर्न सके युवाहरूले आफ्नै देशमा सम्मानजनक रोजगारी प्राप्त गर्न सक्छन् । पछिल्ला वर्षहरूमा केही युवाहरूले स्टार्टअप, अनलाइन व्यवसाय, डिजिटल सेवा, जैविक कृषि, होटल तथा पर्यटन, फुड प्रोसेसिङ, ई-कमर्स र सूचना प्रविधिका क्षेत्रमा उल्लेखनीय सफलता हासिल गरेका छन् । यसले नेपालमा पनि उद्यमशीलताको सम्भावना निकै ठूलो रहेको देखाउँछ ।

**युवा उद्यमशीलताको आवश्यकता**

आजको समयमा युवा उद्यमशीलता आवश्यक हुनुका धेरै कारण छन् । पहिलो, यसले बेरोजगारी घटाउँछ। उद्यमी बनेका युवाले आफ्नै लागि मात्र होइन, अन्य व्यक्तिका लागि पनि रोजगारी सिर्जना गर्छन् । दोस्रो, यसले आर्थिक विकासलाई गति दिन्छ । उत्पादन र सेवाको विस्तारसँगै राष्ट्रिय आय बढ्छ, कर संकलन बढ्छ र समग्र अर्थतन्त्र सुदृढ बन्छ ।

तेस्रो, उद्यमशीलताले नवप्रवर्तन र सिर्जनशीलतालाई प्रोत्साहन गर्छ । नयाँ विचार, नयाँ प्रविधि र नयाँ व्यवसायिक

मोडेलले बजारमा प्रतिस्पर्धा बढाउँछ र गुणस्तरीय वस्तु तथा सेवा उपलब्ध गराउँछ। चौथो, यसले आत्मनिर्भरता बढाउँछ । आयातमा निर्भर हुने वस्तु देशमै उत्पादन गर्न सकियो भने विदेशी मुद्रा बचत हुन्छ र राष्ट्रिय अर्थतन्त्र बलियोबन्छ ।

त्यसैगरी, उद्यमशीलताले ग्रामीण विकासमा पनि महत्वपूर्ण योगदान पुऱ्याउँछ । गाउँमै उद्योग, कृषि व्यवसाय, पर्यटन तथा साना उद्यम सञ्चालन गर्न सके ग्रामीण क्षेत्रमै रोजगारी सिर्जना हुन्छ र बसाइँसराइ कम हुन्छ । यसले स्थानीय स्रोत-साधनको उचित उपयोग गरी समग्र क्षेत्रको विकासमा टेवा पुऱ्याउँछ ।

**उद्यमशीलताका सम्भावित क्षेत्र**

नेपालमा युवा उद्यमशीलताका लागि धेरै सम्भावना रहेका क्षेत्र छन् । कृषि क्षेत्रमा आधुनिक खेती, फलफूल, तरकारी, च्याउ, मौरीपालन, माछापालन, बाख्रापालन, कुखुरापालन र जैविक उत्पादनबाट राम्रो आम्दानी गर्न सकिन्छ। पर्यटन क्षेत्रमा होमस्टे, ट्रेकिङ सेवा, सांस्कृतिक पर्यटन, साहसिक पर्यटन र स्थानीय परिकारको व्यवसाय सफल हुन सक्छ ।

सूचना प्रविधि अहिलेको सबैभन्दा सम्भावनायुक्त क्षेत्र हो । सफ्टवेयर विकास, मोबाइल एप निर्माण, ग्राफिक डिजाइन, डिजिटल मार्केटिङ, अनलाइन शिक्षा, फ्रिलान्सिङ र ई-कमर्समार्फत विश्व बजारमा समेत प्रतिस्पर्धा गर्न सकिन्छ। त्यसैगरी हस्तकला, घरेलु उद्योग, कपडा, खाद्य प्रशोधन, फर्निचर, सौन्दर्य सेवा, स्वास्थ्य सेवा तथा हरित ऊर्जा जस्ता क्षेत्रमा पनि उद्यमको राम्रो सम्भावना रहेको छ।

**सफल उद्यमीका गुण**

सफल उद्यमी बन्नका लागि केही विशेष गुण आवश्यक हुन्छन् । दृढ आत्मविश्वास, मेहनती स्वभाव, जोखिम बहन गर्ने क्षमता, नेतृत्वदायी सोच, समय व्यवस्थापन, समस्या समाधान गर्ने क्षमता, सिर्जनशीलता तथा इमानदारी सफल उद्यमीका प्रमुख विशेषता हुन् । बजारको माग बुझ्ने, ग्राहकको आवश्यकता पहिचान गर्ने र निरन्तर नयाँ सिक्ने बानीले उद्यमलाई सफल बनाउँछ। असफलताबाट नआत्तिने र पुनः प्रयास गर्ने मानसिकता पनि उद्यमशीलताको आधारभूत गुण हो ।

**चुनौतीहरू**

नेपालमा युवा उद्यमीहरूले विभिन्न चुनौतीहरूको सामना गर्नुपर्छ । पर्याप्त लगानीको अभाव, बैंकबाट ऋण प्राप्त गर्न कठिनाइ, उच्च ब्याजदर, बजारको अनिश्चितता, दक्ष जनशक्तिको कमी, व्यवसाय सञ्चालनसम्बन्धी अनुभवको अभाव, सरकारी प्रक्रिया जटिल हुनु तथा आवश्यक पूर्वाधारको कमी प्रमुख चुनौती हुन् । त्यसैगरी केही युवामा जोखिम लिन नचाहने प्रवृत्ति, परिवारको असहयोग तथा उद्यमभन्दा वैदेशिक रोजगारीलाई बढी प्राथमिकता दिने सोच पनि चुनौतीका रूपमा रहेका छन् ।

**समाधानका उपाय**

यी चुनौतीहरूको समाधानका लागि सरकार, निजी क्षेत्र, शैक्षिक संस्था र स्वयं युवाहरू सबैको सक्रिय भूमिका आवश्यक छ। सरकारले सहुलियतपूर्ण ऋण, उद्यम विकास कोष, कर छुट, व्यवसाय दर्ता प्रक्रियालाई सरल बनाउने, तालिम तथा परामर्श सेवा उपलब्ध गराउने र स्टार्टअपलाई प्रोत्साहन गर्ने नीति अवलम्बन गर्नुपर्छ । विद्यालय तथा विश्वविद्यालयमा उद्यमशीलता शिक्षा, वित्तीय साक्षरता र व्यावहारिक सीपलाई पाठ्यक्रममा समावेश गर्नुपर्छ।निजी क्षेत्रले लगानी, मार्गदर्शन, इनक्युबेसन केन्द्र तथा प्रविधि हस्तान्तरणमा सहयोग गर्न सक्छ। सफल उद्यमीहरूले नयाँ पुस्तालाई प्रेरणा, अनुभव र परामर्श दिनुपर्छ । युवाहरूले पनि आत्मविश्वासका साथ नयाँ अवसर खोज्ने, सीप विकास गर्ने, आधुनिक प्रविधिको उपयोग गर्ने, बजारको अध्ययन गर्ने र इमानदारीपूर्वक व्यवसाय सञ्चालन गर्ने बानी विकास गर्न आवश्यक छ ।

**निष्कर्ष**

आजको विश्व ज्ञान, प्रविधि, नवप्रवर्तन र उद्यमशीलतामा आधारित हुँदै गएको छ। नेपालजस्तो विकासोन्मुख देशका लागि युवा जनशक्ति सबैभन्दा ठूलो सम्पत्ति हो। यदि यही जनशक्तिलाई उत्पादनशील र सिर्जनशील कार्यमा लगाउन सकियो भने बेरोजगारी, गरिबी र वैदेशिक निर्भरता उल्लेखनीय रूपमा घटाउन सकिन्छ। उद्यमशील युवा राष्ट्रको आर्थिक समृद्धि, सामाजिक परिवर्तन र दिगो विकासका प्रमुख आधार हुन्। त्यसैले प्रत्येक युवाले जागिर खोज्ने मात्र होइन, अवसर सिर्जना गर्ने सोच विकास गर्नुपर्छ। सरकारले आवश्यक नीति, लगानी र वातावरण उपलब्ध गराउनुपर्छ भने समाजले पनि उद्यमीलाई सम्मान र प्रोत्साहन गर्नुपर्छ। जब युवाहरूले आफ्नै देशमा नवीन सोच, परिश्रम र आत्मविश्वासका साथ उद्यम सञ्चालन गर्छन्, तब मात्र समृद्ध, आत्मनिर्भर र विकसित नेपालको सपना साकार हुन सक्छ। त्यसैले “आजको आवश्यकताः युवा उद्यमशीलता“ केवल एउटा नारा मात्र नभई नेपालको उज्ज्वल भविष्य निर्माण गर्ने आधारशिला हो।

# कमला लामाः एक प्रेरणादायी उद्यमी



काभ्रेपलाञ्चोक जिल्लाको बनेपा नगरपालिका वडा नं.१३ मा सञ्चालित झ्यम्भल कृषि फर्मको सञ्चालक कमला लामा स्थानीय तथा लोपोन्मुख बालीको संरक्षण र मूल्य अभिवृद्धिमा काम गर्ने कृषि उद्यमीका रूपमा परिचित हुनुहुन्छ। उहाँले परम्परागत कृषि उत्पादनलाई प्रशोधन र ब्रान्डिङसँग जोडेर कृषि व्यवसायलाई आयमूलक बनाउन सकिन्छ भनेर उदाहरण प्रस्तुत गर्नुभएको छ।उहाँको कृषि उद्यम र नवप्रवर्तनको अवधारणाले काठमाण्डौ बिश्वबिद्यालय अन्तर्गत Idea Studio Nepal को National Idea Hunt Season ६  मा प्रथम स्थान पाएको थियो । उहाँको यस यात्राले सिकाउँछ कि ठूलो सफलता प्राप्त गर्न सधैँ ठूलो लगानी आवश्यक पर्दैन। सही सोच, इमानदार प्रयास, निरन्तर मिहेनत, गुणस्तरप्रतिको प्रतिबद्धता र समुदायसँगको सहकार्यले सानो उद्यमलाई पनि ठूलो प्रभाव पार्ने व्यवसायमा रूपान्तरण गर्न सकिन्छ भन्ने कमला लामा नेपाली कृषि उद्यमशीलताको प्रेरणादायी उदाहरण हुनुहुन्छ ।

उहाँले स्थानीय फलफूललाई प्रशोधन गरेर व्यवसाय मात्र निर्माण गर्नुभएको छैन, किसान, महिला र समुदायको आर्थिक सशक्तीकरणमा पनि योगदान पुऱ्याउनुभएको छ। उहाँको यात्रा नेपालका युवा तथा महिला उद्यमीहरूका लागि प्रेरणाको स्रोत बनेको छ। स्थानीय उत्पादनलाई सम्मान गर्दै आत्मनिर्भर अर्थतन्त्र निर्माण गर्ने दिशामा उहाँको योगदान उल्लेखनीय छ। कुनै पनि व्यवसाय शुरु गर्नु सजिलो हुँदैन। कमला लामाले पनि विभिन्न चुनौतीहरूको सामना गर्नुभयो । सीमित पूँजी, बजारको पहुँच, उत्पादनको गुणस्तर कायम राख्ने चुनौती तथा ग्राहकको विश्वास जित्ने प्रयास उहाँको यात्राका कठिन पक्ष थिए।यद्यपि निरन्तर मेहनत, गुणस्तरीय उत्पादन र स्थानीय समुदायसँगको सहकार्यले यी चुनौतीहरू क्रमशः अवसरमा परिवर्तन भए।बनेपामा रहेको आजाद माध्यामिक विद्यालयमा वि.सं. २०४९ सालमा एस.एल.सी गर्नुभएको कमला लामाको वि.सं.२०५२ सालमा श्री कृष्ण लामा संग बैवाहिक सम्बन्धमा गासिनुभयो । उहाँले आफ्नो व्यवसाय सुरुवात गर्ने दृढ संकल्पका साथ घरेलु तथा साना उद्योग कार्यालय, धुलिखेल, काभ्रेपलाञ्चोकमा वि.सं. २०७२ सालमा झ्यम्भल कृषि फर्म विधिवत रुपमा दर्ता गरी उद्यमको यात्रा सुरु गर्नुभएको हो । सम्पन्नता मात्र सबैथोक होइन रहेछ भन्दै समाजको लागि पनि केही न केही गर्नुपर्छ भन्ने भावनाले सामाजिक क्षेत्रमा क्रियाशिल हुँदै गएको र समाजमा रहेर सहयोग गर्न आर्थिक क्षेत्रमा बलियो हुनुपर्छ भन्ने हेतुले घरमै सकेको उद्यम व्यवसाय सञ्चालन गर्न शुरु गर्नुभयो।मस्यौरा उत्पादनबाट शुरु भएको उहाँको व्यवसायिक यात्रा भोगटेको क्याण्डी, तितौरा, हर्वल चिया लगायत न्यून मुल्य र प्रयोगमा रहेको रैथाने फलफूलको केही न केही उत्पादन गरी आफ्नो झ्यम्भल ब्राण्ड बनाई उत्पादित उत्पादनहरु प्रवर्द्धन गर्दै आउनु भएको उहाँले अहिले उद्योगमा नियमित रुपमा १२ देखि १५ जना महिला दिदीबहिनीहरुलाई प्रत्यक्ष रोजगारी सिर्जना गर्न सफल हुनुभएको छ।



आफ्नो उद्यमबाट आर्जित ज्ञान सीपलाई विभिन्न गाउँपालिका, नगरपालिका, जिल्ला र प्रदेशस्तरमा प्रशिक्षक भई काम गर्ने मौका पाउँदा गौरावान्वित अनुभव भएको उहाँ बताउनुहुन्छ ।व्यवसाय सञ्चालनको प्रारम्भिक दिनहरुमा कुनै

ठुलो योजना र लगानी एवं अन्तराष्ट्रिय बजारको कल्पनासम्म गरेकी थिइन।गाउँघरमा न्यून प्रयोगमा आईरहेको फलफूल र तीनका बोक्राहरुबाट आफ्नो ज्ञान र सीप मार्फत् पनि स्वास्थ्यवर्दक खानयोग्य सामाग्री बनाउन सकिने रहेछ भन्ने सिपको विकास गर्न सकें।गाउँघरमा नै न्यून मुल्यमा पाउने कच्चापदार्थबाट सुरु भएको उहाँको यो यात्रा आज देश विदेशसम्म इयम्भल ब्रान्डको रुपमा परिचित गराउन सफल हुनुहुन्छ। जहाँ फरक स्वाद, सिर्जना र साधनको अनुभब बटुल्न पाईन्छ । विभिन्न स्वादका क्याण्डी, पाउँ, स्वस्थ्यकर जाम, ड्राईफुड, हर्वल चिया नेपालमा मात्र नभई बिदेशका बजारहरु अमेरिका, अष्ट्रेलिया, जापान, दुवई जस्ता देशसम्म पुगिरहेका छन् । नेपाली स्वादको मौलिकता सहित केमिकल रहित स्वस्थ उत्पादनहरुले विदेशमा बसोबास गर्ने नेपालीहरुको लागि मात्र नभई स्थानीय उपभोक्ताकको समेत मन जित्न थालेको छु ।आफ्नो मेहेनत, श्रम र निरन्तरताको अभ्यासले फलफूल सम्वन्धी प्रोडक्ट उत्पादन कर्ताबाट अग्रणी महिला उद्यमीको स्थानसम्म पुर्याएको छ । आज यो उद्योग स्थानीय श्रोतको सदुपयोग, खाद्य सुरक्षाको चेतना, बजारीकरण र निर्यात सम्भावनाको जीवित उदाहरण बनेको छ। कहिलेकाँही खेर जाने ठानिएका वस्तुहरु पनि अवसर बन्न सक्ने रहेछ ।




बनेपा नगरपालिका भैंसपाटी स्थित इयम्भल कृषि फर्म तीन हजार रकम लगानीबाट शुरु गरेकोमा वि.सं. २०८३ सम्म आइपुग्दा ५० लाखसम्मको लगानी बनाउन सफल भएको छ। इयम्भल ब्राण्ड सहित यस उद्योगको बजारमा बलियो उपस्थित रहेको छ। न्यून प्रयोगमा रहेका रैथाने बाली तथा बिभिन्न मौसमी तथा बेमौसमी फलफुलबाट उत्पादित सामाग्रीलाई निरन्तरता र स्थानीय उत्पादनमा जोड दिएको कारणले यस उद्योगले प्रदेश तथा राष्ट्रियस्तरमा पुरस्कृत हुने मौका पाएको छ । घरपरिवारबाट प्रत्येक पाईलामा सहयोग पाएको छु जुन सफलताको लागी मेरो श्रीमानको ठुलो सहयोग रहेको छ ।हाल १० वटा भन्दा बढी देशहरुमा सामान पठाउने गरेको छु। स्थानीय स्तरमा रहेका कच्चा पदार्थको सहि सदुपयोग गर्न सकेमा कम लगानीबाट पनि बढी आम्दानी गर्न सकिने उहाँ बताउनुहुन्छ।
अन्त्यमा, स्थानीय उत्पादनको प्रयोग गरी स्वदेशमा नै अर्थोपार्जन गर्न सकिने प्रशस्त सम्भावना रहेकोले उद्यम गर्न चाहनेहरुको लागि उद्यमी कमला लामाको यस सफलता प्रेरणाको स्रोत बन्न सक्छ ।

**उनको सफलताको मुख्य पक्षहरू:**

- स्थानीय रूपमा उत्पादन हुने फलफूल र कृषि उपज बाट मस्यौरा, जाम, अचार, क्यान्डी जस्ता प्रशोधित उत्पादनमा रूपान्तरण,
- रैथाने तथा लोपोन्मुख बालीको संरक्षण गर्दै त्यसलाई बजारसँग जोड्ने प्रयास,
- घरमै आधारित कृषि उद्यममार्फत स्थानीय समुदायको आयआर्जन र उद्यमशीलतालाई प्रोत्साहन गर्ने।

**उद्यमी कमला लामाले जिल्लादेखि केन्द्रसम्म पाउनुभएको सम्मान तथा पुरस्कारहरुः**

- बि.स.२०७७ मा काठमान्डौ यूनिभर्सिटी नेपाल टेक्नोलोजी इनोभेसन सेन्टर क्षमभब खोज प्क्षक्रब बाट देशभभरी बाट उत्कृष्ट भइ रुपैया पाँच लाख सहित सम्मान ।
- बि.स.२०७९ मा कृषि ज्ञान केन्द्र, काभ्रेपलाञ्चोक बाट राष्ट्रपति उत्कृष्ट पुरस्कारद्धारा सम्मान ।
- बि.स.२०८१ मा उद्योग,बाणिज्य,भुमि तथा प्रशासन मन्त्रालय हेटौडा ,बागमती प्रदेश स्तरिय सर्बोत्कृष्ट उद्यमी सम्मान ।
- बि.स.२०८२ मा महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय सिंदरबार काठमाण्डौ बाट राष्ट्रपति महिला उत्कृष्ट उद्यमी पुरस्कारद्धारा सम्मान ।

# आँशु, पसिना र संघर्षलाई शक्तिमा बदल्दै:



✍प्रदिप कुमार घलान
उद्यमी



म किसान आमा माया घलान र बुबा बिर्ज बहादुर घलानको कोखबाट वि.स. २०५२/०७/१२ , म "प्रदिप कुमार घलान" साविक नेत्रकाली-७, भोथुम (हाल घ्याङलेख गाउँपालिका-४, सिन्धुली) मा जन्मिएँ । सामान्य किसान परिवारमा हुर्किएको म सानैदेखि दुःख, संघर्ष र अभावसँग परिचित थिएँ। मेलापात, गोठालो र उकाली-ओराली गर्दै मैले श्री नेत्रकाली माध्यमिक विद्यालयबाट कक्षा १२ सम्मको अध्ययन पूरा गरेँ ।

मेरो सपना विदेश जाने थिएन । आफ्नै देशमा केही गर्ने इच्छा थियो । तर नेपालमा रोजगारीको अवसर नदेखिएपछि बाध्य भएर म मलेसिया जानुपर्यो । सुरुमा दुई वर्ष मात्रै बसेर फर्किन्छु भनेर आमासँग बिदा मागेको थिएँ। तर नियतिले अर्कै मोड लियो । चर्को घाम, दिनरातको मेहनत र अनेकौं कठिनाइका बीच मैले लगातार सात वर्षसम्म मलेसियामा संघर्ष गर्नुपर्यो ।

सात वर्षपछि आफ्नै देशमा केही गर्ने अठोटका साथ नेपाल फर्किएँ। फर्किंदा मैले करिब १० वटा व्यवसायिक योजना बनाएको थिएँ। धेरै सोचविचारपछि कम लगानीमा सञ्चालन गर्न सकिने र भविष्य राम्रो देखिएको बार्बर (हेयर कटिङ) पेशा रोजेँ। सानैदेखि गाउँघर, विद्यालय र मलेसियामा पनि कपाल काट्ने गरेको अनुभव भएकाले यही पेशालाई व्यवसाय बनाउने निर्णय गरेँ।



नेपाल फर्किएपछि बुझ्दै जाँदा केवल सीप भएर मात्र नहुने रहेछ। तालिम लिनुपर्ने, व्यवसाय दर्ता गर्नुपर्ने लगायतका कानुनी प्रक्रिया पनि रहेछन् । मैले ती सबै पूरा गरेर आफ्नो "इम्पियन युनिसेक् सैलुन एण्ड ट्रेनिङ सेन्टर" नाम राखेर बारबरशप सञ्चालन गरेँ।

तर सुरुवात सजिलो थिएन। नेपाली

तथा तामाङ समुदायको छोरो भएर "किन कपाल काट्ने काम गरेको?" भनेर धेरैले गिज्याए। कतिपयले हेपेर पनि हेरे। सुरुमा मलाई धेरै लाज लाग्थ्यो। तर मैले हार मानिनँ । निरन्तर आफ्नो काममा लागिरहेँ ।

व्यवसाय सुरु गरेको पहिलो १०-११ महिनासम्म पसलमा ग्राहक नै आउँदैनथे। व्यापार नहुँदा पसलको भाडासमेत मलेसियामा कमाएको पैसाबाट तिर्नुपर्थ्यो। धेरै पीडा हुन्थ्यो, तर मैले कसैसँग गुनासो गरिनँ। एक मन, एक सुर भएर आफ्नो कामलाई निरन्तरता दिइरहेँ।

बिस्तारै ग्राहक बढ्न थाले। व्यापार पनि राम्रो हुँदै गयो। त्यसपछि मैले अरूलाई पनि यो सीप सिकाउन सुरु गरेँ। आजरोजगारी गरिरहेका छन्। उनीहरूको सफलता देख्दा मलाई अत्यन्त गर्व लाग्छ ।

मैले सिकाएका विद्यार्थीहरू अमेरिका, क्यानडा, बेलायत, अष्ट्रेलिया, स्विडेन, न्युजिल्यान्ड, दक्षिण कोरिया लगायत विभिन्न देशमा गएर सम्मानजनक भई आज मेरो आफ्नै बार्बरशपमा मैले तालिम दिएका दुई-तीन जना दक्ष कर्मचारी पनि कार्यरत छन्। साथै, बनेपामा रहेका बिभिन्न मानव आश्रम ,घरविहीन, वृद्ध, अशक्त, अपाङ्ग तथा आर्थिक रूपमा विपन्न व्यक्तिहरूलाई निःशुल्क कपाल तथा दाह्री काट्ने सेवा पनि निरन्तर प्रदान गर्दै आएको छु। उनीहरूको अनुहारमा देखिने मुस्कान नै मेरो सबैभन्दा ठूलो कमाइ हो।

अहिलेसम्म मैले ३०० भन्दा बढी व्यक्तिलाई बार्बर सम्बन्धी सीप सिकाइसकेको छु। आफूले जानेको ज्ञान अरूलाई बाँड्न पाउँदा सधैं खुसी लाग्छ ।

मेरो कामको मूल्याङ्कन गर्दै बनेपा नगरपालिका तथा घरेलु तथा साना उद्योग कार्यालयले मलाई प्रशंसापत्र प्रदान गरेका छन्। साथै, व्यवसाय विस्तारका लागि अनुदान सहयोग पनि प्राप्त भएको थियो। यस्तो सम्मान र सहयोगले अझ जिम्मेवार भएर काम गर्ने प्रेरणा दिएको छ ।

आज म प्रत्येक महिना करिब ७-८ जना नयाँ प्रशिक्षार्थीलाई तालिम दिइरहेको छु। सीप सिकाएर आत्मनिर्भर बनाउनु नै मेरो मुख्य उद्देश्य हो।

मेरो जीवनले मलाई एउटा कुरा सिकाएको छ,इच्छाशक्ति, मेहनत र निरन्तरताभन्दा ठूलो सफलता कुनै छैन। सानो गाउँबाट उठेको एउटा सामान्य किसानको छोरो आज आफ्नै देशमा रोजगारी सिर्जना गर्दै, सयौं युवालाई सीप सिकाउँदै र समाजसेवामा योगदान दिन पाउँदा आफूलाई भाग्यमानी ठान्छु।

# सिप र मेहेनतले ल्याएको खुशी



रिता कर्माचार्य
उद्यमी

म एक गृहिणि महिला हो। नेवार समुदायमा जन्मिए र नेवारी समुदायमा नै हुर्किएको हु। बुहारी भएको कारणले गर्दा घरबाट निस्केर बाहिर काम गर्न गार्हो थियो।बुहारीले बाहिर काम गर्नु त के यस्ता तालिम लिन पनि अनुमति हुने थिएन। प्रथम पटक नै उद्योग तथा वाणिज्य कार्यालय काभ्रेपलाञ्चोकले संचालान गरेको उद्यशिलता विकास तालिममा प्रथम पटक सहभागी भएर मैले १० दिन तालिम लिन मौका पाए । यस उद्यमशिलता तालिम उद्योग तथा वाणिज्य कार्यालय मार्फत १६ जना महिलाहरुलाई रविन्द्र सरबाट र गिता मिस बाट प्रदान गर्नु भएको थियो। व्यवसाय के हो र किन गर्ने व्यवसाय गर्दा हुने फाईदा महत्व सफल उद्यमी बन्नको लागि हौसला प्रदान गर्नु भएको थियो। उक्त तालिम मार्फत नै सिपसिकेर केही गर्छ भनी अगाडी बढेमा अवस्य नै सफल भइने रहेछ भन्ने प्रेरणा पाए । आज यो उद्यशिलता तालिम मार्फत व्यवसाय गर्न प्रेरित भए र मखमल जुत्ता बनाउने व्यवसाय गर्न सफल पनि भएका छु अहिले विभिन्न डिजाइनको जुत्ता बनाउन पनि थालेको छु। विभिन्न संस्था मार्फत प्रशिक्षक भइ तालिम दिने मौका पनि पाएको छु।



हामी नेवारी समुदायको बुहारीहरू घरमा मात्र सिमीत भएर बसेका थियौ तर घरबाट बाहिर निस्केर महिला दिदिबहिनी मिलेर यो तालिम लिइ काम गर्ने मौका पायौ। घरबाट र कार्यालय मार्फत पनि हामीलाई जुत्ताको तालिम नै किन लिने इच्छा गर्नु भएको हो अरु बिषयको तालिम पनि छ भनी सोध्नु पनि भयो हामीले अरूभन्दा फरक किसीमको तालीम लिने र काम गर्ने सोच राखेका छौं भनेर जानकारी गरायौ। हाम्रो कुरा सुनेर उद्योग तथा वाणिज्य कार्यालयबाट आउनु भएको भएका सरहरूले जुत्ता सम्बन्धी तालिम उपलब्ध गराउनु भएको थियो। कार्यालयबाट हामीले मिति २०७४/०९/२५ देखि २०७५/१०/२२ सम्म एक महिने सिप विकास तालिम सफलता पुर्वक पुरा गरेका थियौ। सिप सिक्दा निकै उत्सुकताको साथ सिकेकका थियौ। अझ मलाई धेरै उत्सुक्ता जाग्यो तालिम लिई सके पछि कार्यालबाट खाजा स्वरुप ६००० प्रदान गर्नु भएको थियो तर साथीहरुले सल्लाह गरेर लगानी थप गरी मखमल जुत्ता बनाउने सामान ल्यायौ। उक्त रकमबाट हामीले बाँकी रकम थपेर जुत्ता उत्पादन गर्न कामलाई निरन्तर जारी पनि राखेका थियौं।उद्यशिलता तालिमको साथ साथै मखमल चप्पल बनाउने बेसिक सिप विकास तालिम भक्तपुरबाट प्रशिक्षक बिनु म्याडमले दिनु भएको थियो।तालिम पश्चात सुरुमा सामुहिक व्यवसाय सञ्चालन गरेका थियौ। व्यवसाय गर्ने क्रममा विभिन्न डिजाईनको माग भई रहने हुँदा ग्राहकले माग गरे अनरुपको जुत्ता उत्पादन गर्न सकेनौ थप तालिम लिनको लागि उद्योग तथा वाणिज्य कार्यालयका उद्यम विकास सहजकर्ता रविन्द्र प्रसाद चौलागाइ सरलाई कुरा राखेउ । हामीलाई २०७५/०२/०२ देखी २०७५/०३/०२ गते सम्म एक महिनाको मखमलको लेडिज चप्पल सम्बन्धीको




जुत्ताको थप तालिम कार्यालय मार्फत प्रदान गर्नु भएको थियो । हामीले कामलाई निरन्तरता दिएउ । घरबाट मलाई बाहिर निस्केर काम गर्न सहज थिएन तेसैले मैले साथिहरू संग सरसल्लाहमा मैले घरमा बसेर काम गर्नको लागि। मेरो काम गर्न परिवारमा थोरै हौसला नहुँदा मलाई अनुभव भयोको मैले मेहनत गरेको खेर जान्छ काम गर्नु पर्छ भनेर मेरो श्रीमान सँग कुरा गरेर म घरमा बसेर नै काम गर्छु भने । श्रीमानले घरमै बसेर काम गर्न सल्लाह दिनु भयो ।मेरो लक्ष्य एक सफल उद्यमी भई समाजमा उदाहरणिय व्यक्ति बन्नु थियो ।सबैले मैले गरेको कामलाई सम्मान गर्नुहनेछ र मेहनत र सिपलाई कदर गर्नुहुन्छ भन्ने आशा राखे ।समाजलाई मैले बुझाउनु थियो कि सिप नै उच्च स्थानमा पुर्याउने माध्यम हो त्यसैले मैले थोरै रु १०००० । लगानीमा व्यवसाय साथी संग मिलेर भन्दा पनि व्यक्तिगत रुपमा सञ्चालन गर्न थाले । मैले बनाको जुत्ता सामाजीक संजालमा राखे र कामबाट बिस्तारै अडर आउन थाल्यो । मलाई काम गर्ने थप हौसला मिल्यो । कामगर्न कैले काँहि त म रातको एक बजे सम्म काम गर्थे । पछि कोठामा मात्र सिमीत काम गरेर मलाई काम गर्नुको लागी स्थान पुगेन र मैल घरमा कुरा गरेर घरको सटरमा पसल राखी काम गर्न थाले ।मेरो घर परिवारले पसल सटरमा राखे पनि घर भित्र बसेर काम गर्नु भन्नुहुन्थो । जुत्ताको काम नेवारी समुदायले गर्नु हुँदैन लाज हुन्छ भन्नु हुन्थ्यो । सामाजिक परिवेश र संस्कृति अनुसार उँहाहरुको बुझाई थियो । मेरो काम देखेर परिवारलाई बुहारी पनि भन्न लाज लाग्छ पनि भन्नुहुन्थ्यो तर मैले हिमम्त हारिन ।म कसैको कुरा सुनेवाला थिएन मेरो कामलाई निरन्तर दिदै गए ।काम गर्ने क्रममा सवा नेपाल संस्थाबाट पहिलो पटक प्रशिक्षक बनेर तालिम चलाउने मौका पाए ।पहिलो पटक तालिम दिन पाउँदा खुसी थिए तर तालिम सञ्चालनगर्न सक्दिनकी भन्ने डर लाग्यो कसरी सकाउने भनेर तर घरेलुको गिता मिससंग सल्लाह लिन्थे उहाँले मलाई प्रेरणा र हौसला प्रदान गर्नु हुन्थ्यो । पहिलो तालिममा ४५ जना सहभागीहरुलाई एक महिने तालिम प्रदान गर्न सफल भए बाँकी समय पसलमा नै अर्डरको काम गर्थे । विभिन्न संघ संस्था मार्फत र उद्योग तथा वाणिज्य कार्यालय मार्फत पनि बेला बेलामा प्रशिक्षक भई आफुले सिकेको सिपलाइ प्रदान गर्ने मौका पनि पाएँ । व्यवसाय विस्तार गर्ने क्रममा आधिकारिक रुपमा निरन्तरता र दिगो रुपमा सञ्चालन गर्नु पर्यो भन्ने लागेर उद्योग तथा वाणिज्य कार्यालयमा र आन्तरिक राजस्व कार्यालयमा दर्ता गरी नियमित बार्षिक राजस्व तिर्दै पनि आएको छु ।कार्यालय मार्फत उद्योग सञ्चालनमा थप हौसलाका लागि मेशिन औजार उपलब्ध गराउनु भएका छ। सिजन अनुसार ४ जनालाई रोजगार दिन पनि सफल भएको छु । हाल सम्म मेरो उद्योगमा बार्षिक आम्दानी ५,५०,००० ।- आम्दानी गर्न सफल भएको छु ।आफुले गरेको कामलाई कोठामा सिमित नराखी आफ्ले जानेको कामलाई सबै सामु देखाउनु पर्छ र मेहनत गर्नुपर्छ भनी मैले व्यवसाय विस्तारको लागि प्रयत्न गरि राखेको छु । मेरो व्यवसाय सफल हुनुमा उद्योग तथा वाणिज्य कार्यालयको मुख्य भुमिका रहेको छ ।म जस्तै उद्यमीहरुलाई सल्लाह सुझाव प्रोत्साहन दिनु भएको छ । उहाँहरु प्रति सधै आभारी छु ।हामी महिलाहरु घरमा मात्र सिमित मात्र नभई आफुमा भएको सिप र क्षमताको प्रयवग गर्नु पर्दछ र अफु मात्मनिर्भर हुनु पर्दछ । साथै आफ्ना नानी बाबुहरुलाइ असल शिक्षाको र सिपको बाटो देखाउनु पर्दछ । मलाई यहाँसम्म साथ दिनुहुने सम्पुर्ण परिवार साथी र उद्योग तथा वाणिज्य कार्यालयलाई हार्दिक नमन गर्दछु।



# सफलता एकै दिनमा प्राप्त हुदैंन .....



रिता तामाङ
उद्यमी

रिता तामाङ काभ्रेपलाञ्चोक जिल्ली पनौती नगरकी मेहनती महिला हुनुन्छ। विवाहपछि उहाँको जीवन सामान्य रूपमा चलिरहेको थियो । तर अचानक श्रीमानको निधन भएपछि उहाँको जीवनमा ठूलो संकट आयो । साना तिन छोराछोरीको जिम्मेवारी एक्लै उठाउनुपर्दा उहाँ धेरै कठिनाइमा पर्नुभयो।

सुरुमा केही मानिसहरूले उहाँलाई कमजोर ठाने र विभिन्न नकारात्मक टिप्पणी गरे । तर रीता तामाङले हिम्मत हार्नुभएन।उहा एक स्वास्थ्य स्वयंसेवक पनि हुनुन्छ। बालबालिकाको स्वास्थ्य खोप र सामान्य उपचारको काम गर्ने गर्नुहुन्छ साथै उहाँले उद्योग तथा वाणिज्य कार्यालय काभ्रेपलाञ्चोकको आयोजना एवं ज्योती मिर्मिरे बचत तथा ऋण सहकारी संस्थाको समन्वयमा साबुन, सरफ, हार्पिक, क्लिनियर तथा अन्य सरसफाईका सामाग्री बनाउने तालिम सञ्चालनमा रिता तामाङ पनि भाग लिन सफल हुनु भयो। घरमै सानो व्यवसाय सुरु गर्नुभयो। उहाँको उद्योगमा अहिले २ जनालाई रोजगारी पनि दिन सफल हुनु भएको छ र अहिले  उहाँलाई २ छोरा र १ छोरीले पनि साथ दिन थालेका छन्। आफ्ना उत्पादनहरू स्थानीय बजारमा बेच्न थालेपछि उहाँको आम्दानी विस्तारै बढ्न थाल्यो । उहाँ मिलनसार र सबै सँग मिठास बोलीमा बोल्ने र सहयोगी भावना भएको हुँदा स्थानिय स्तरमा बजार लिन सफल पनि हुनु भएको छ। स्थानिय स्तरमा भएका पसल स्थानिय बासिन्दाहरु र सहकारी संघ संस्थाका कर्मचारीहरुलाई होम डेलिभरी सम्म गर्नुहुन्छ।



मेहनत, इमानदारी र निरन्तर प्रयासका कारण उहाँको व्यवसाय सफल भयो। केही वर्षमै उहाँले आफ्नै सर्वश्री क्लिनियर उद्योग, जहाँ अन्य एकल तथा आर्थिक रूपमा कमजोर महिलाहरूलाई पनि रोजगारी दिन थाल्नुभएको छ। महिनामा झोल साबुन मेशिनमा राख्ने साबुन, सरफ र नुहाउने साबुनबाट महिनामा पचिसहजारसम्म आम्दानी गर्न थाल्नु भएको छ । अगामी दिनमा  उद्योगमा १० जनालाई रोजगारी दिने लक्ष्य रहेको छ भने स्थानीय बजार लगायत बनेपा धुलिखेल काठमान्डौ लैजाने लक्ष्य पनि रहेको छ । व्यवसाय गर्न चाहने महिला दिदिबहिनीहरुलाई उहाँले सल्लाह समेत दिने गर्नु भएको छ । महिला भए पनि आर्थिक क्षेत्रमा बलियो बन्न सकिदो रहेछ हिम्मत हार्न नहुने रहेछ । नेपालमै बसेर पनि आफ्नो आर्थिक स्तरमा सुधार ल्याउन सकिने रहेछ । तर मेहेनत गर्न चै छोड्नु हुन्नरहेछ । म धन्यवाद दिन चाहान्छु उद्योग तथा वाणिज्य कार्यालयलाई अनि ज्योती मिरमिरे बचत तथा ऋण सहकारी संस्थालाई मलाई सिप दिई बाटो देखाउनु भएकोमा धन्यवाद। हामीले भाग्यलाई दोष दिएर बस्यौ भने सधै पछि पर्छौ। आफ्नो सिप र क्षमतालाई चिनेर संधै लागि परेर काम गरेउ भने संधै सफलताको सिखरमा पुगन सकिने रहेछ । सिपले नै हामीलाइ चिनाउने रहेछ । भन्ने उहाँको भनाई राख्नुहुन्छ।

आज रिता लामा आर्थिक रूपमा आत्मनिर्भर हुनुन्छ। उहाँका छोराछोरीले राम्रो शिक्षा प्राप्त गरिरहेका छन्। र छोरा छोरीले पनि उद्योगमा सघाई रहनु भएको छ । उहाँ सफल उद्यमी र प्रेरणादायी महिलाका रूपमा चिनिनुहुन्छ। उहाँको जीवनले कठिन परिस्थिति आए पनि आत्मविश्वास, निरन्तर मेहनत र सकारात्मक सोचका साथ अघि बढे सफलता हासिल गर्न सकिन्छ भन्ने सन्देश दिन्छ।

**शिक्षाः**

जीवनमा चुनौती आए पनि धैर्य, मेहनत र आत्मविश्वासले नयाँ अवसर सिर्जना गर्न सकिन्छ। एकल महिला पनि आफ्नो क्षमता र परिश्रमका बलमा आत्मनिर्भर र सफल बन्न सक्नुहुन्छ।

# उद्यमी बन्छु भन्ने सोच मेरो दिमागमा कहिल्यै थिएनः



**दिक्षा पौडेल (उद्यमी)**

काभ्रेपलान्चोक जिल्ला मण्डनदेउपुर नगरपालिकामा सामान्य किसान परिवारमा मेरो जन्म भयो। सानैदेखि मेहेनती र लगनसिल स्वभावको भएकाले मेरो पढाई पनि राम्रो थियो। परिवारमा छोरी सुरक्षित/सरकारी जागिरमा आबद्ध होस् भन्ने अपेक्षा थियो। भौतिक विज्ञानमा स्नातक गर्दा देखि नै म शिक्षण पेशामा आबद्ध थिए। सामाजिक क्षेत्रमा रुची भएकाले मैले स्नातकोतर भने ग्रामिण विकासमा गरे।

शिक्षण पेशामा आबद्ध रहँदा आफुले देखेका महिला हिंसाका घटना र वैदेशिक रोजगारीको लागि विदेश पलायन हुने बढ्दो क्रम देखेर यसलाई न्यूनीकरण गर्न केही गर्नुपर्छ भन्ने सोच आयो। स्थानीय स्तरमै उद्यमशीलता प्रवर्धन गर्ने र रोजगारीको आवसर सृजना गर्ने उद्देश्यले हामीले वि.स २०७७ साल चैत महिना ५ गते कोशिश इन्टरप्राईजेज नामक सामाजिक उद्यमको स्थापना गर्यौं। सिप विकास र उद्यमशीलता विकासमा केन्द्रित हाम्रो संस्था मार्फत हामीले थुप्रै तालिमहरु संचालन गर्यौं ि तर तालिम पश्चात आफ्नै उद्यम सुरु र निरन्तर संचालन गर्नेको संख्या भने ज्यादै न्यून थियो।



त्यसपश्चात नेपालका स्थानीय स्तरमै उपलब्ध श्रोत साधन र सिपको परिचालन गर्दै संचालन गर्न सकिने उद्यमको एउटा उदाहरण आफुले नै दिन सक्नुपर्छ भन्ने हेतुले हामीले वि.स २०७९ साल कार्तिक १५ मा नमूना एग्रो प्रोडक्टस् नामक खाद्य प्रशोधन उद्योग दर्ता गर्यौं। काभ्रे र सिन्धुपाल्चोकमा प्रशस्त पाइने लप्सीमा केन्द्रित रहि पहिलो वर्ष हामीले लप्सीका सामान्य र बजारमा पहिलेदेखि नै उपलब्ध उत्पादनहरु जस्तै लप्सी क्यान्डीमा काम गर्यौं।

**सामान्य काम गर्दा हामीमा त्यति उत्साह भने थिएन।**

लप्सीका उत्पादनहरु धेरैले मन पराउने भएपनि लप्सी संधै तितौरा पाउँ र अचारमा मात्र सिमित भएको देख्दा हामीलाई लप्सीलाई फरक तरिकाले प्रस्तुत गर्ने सोच आयो।बजार अध्ययन र धेरै चरणको परिक्षण पछी हामीले नेपालमै पहिलो पटक लप्सी र चकलेटको मिश्रणबाट एउटा नयाँ उत्पादन बजारमा ल्यायौं जसको नाम हामीले लप्सी ट्रफल राख्यौं।

बाहिर बाट गुलियो अनि भित्र हल्का अमिलोको मिश्रणले दिने एउटा फरक स्वाद बजारमा धेरैले मन पराउनु भयो। तर बजारका लागि एकदमै नयाँ उत्पादन र फरक स्वाद भएकोले यसलाई बजारमा चिनाउन हामीले निकै मेहेनत गर्नु पर्यो।

हाल हाम्रो उत्पादनहरु लेकबेसी (Lekbesy) ब्रान्ड बाट बजारमा बिक्रि वितरण हुँदै आएको छ। नयाँ उत्पादन भएकाले हामीले बजारमा पनि विस्तारै अनि उपभोक्ता माझ सचेतना फैलाउँदै आफ्नो उत्पादनको विस्तार गर्यौं। लप्सी र चकलेटको समिश्रणसंगै हामीले लप्सीको धुलो र क्यान्डी पनि उत्पादन गर्छौं जसमा हाम्रो प्राथमिकता संधै गुणस्तरीय र स्वस्थकर ढंगले उत्पादन गर्नु हो।

हाल हाम्रो उत्पादन भाट-भटेनि, सेल्सबेरी लगायत नेपालका ठुला डिपार्टमेन्टल स्टोरहरुमा समेत बिक्रि हुँदै आएको छ भने अस्ट्रेलिया, क्यानाडा, युएई लगायत पाँच भन्दा बढी देशहरुमा निर्यातसम्म भइरहेको छ।

हाम्रो उद्योग मार्फत हामीले दश जनालाई नियमित र बीस भन्दा बढी लाई अस्थाई रोजगारी दिएका छौँ। नेपालको रैथाने फल लप्सीलाई नेपालीले मात्र हैन विदेशीले समेत मन पराउने एउटा फरक उत्पादनको रुपमा प्रस्तुत गर्दै गर्दा हामी आर्थिक वर्ष २०८२/०८३ मा बागमती प्रदेश सरकार अन्तर्गत उद्योग, वाणिज्य, भुमि तथा प्रशासन मन्त्रालय बाट नवप्रवर्तन उद्यमी सम्मान पुरस्कार समेत प्राप्त गर्यौँ। यसका साथै हाम्रो कामलाई सम्मान गर्दै विभिन्न मिडियाहरुले पनि हाम्रो कथालाई स्थान दिँदै आउनुभएको छ।

यसरी नेपालको रैथाने फल लप्सीलाई विश्व बजारमा लैजाँदै गर्दा हामी आफुले सृजना गरेको रोजगारी, लप्सीको फरक पहिचान र उद्यमशीलता मार्फत आफ्नै जीवनमा आएको सकारात्मक परिवर्तनले निकै खुशी र उत्साहित छौँ साथै आगामी दिनहरुमा हामी थप नयाँ उत्पादनमा काम गर्न र थप रोजगारी सृजना गर्न पनि प्रतिवद्ध छौँ।

# बागमती प्रदेशभित्र रहेका उद्योग तथा वाणिज्य कार्यालयहरू

१. **उद्योग तथा वाणिज्य कार्यालय, मकवानपुर,**
सम्पर्क नं.: ०५-७५२०४३७
E-mail: csiomakawanpur@gmail.com
कार्यालय प्रमुखः राम प्रसाद भुसाल

२. **उद्योग तथा वाणिज्य कार्यालय, चितवन**
सम्पर्क नं.: ०५-६५२०१३६
E-mail: csiochitwan@gmail.com
कार्यालय प्रमुखः विनोद पौडेल

३. **उद्योग तथा वाणिज्य कार्यालय, भक्तपुर**
सम्पर्क नं.: ०१-५०९२६९६
E-mail: dsci.bhaktapur@gmail.com
कार्यालय प्रमुखः राम प्रसाद कुस्मा

४. **उद्योग तथा वाणिज्य कार्यालय, ललितपुर**
सम्पर्क नं.: ०१-५५२३४५२
E-mail: csiolalitpur@gmail.com
कार्यालय प्रमुखः तारा किरण राई

५. **उद्योग तथा वाणिज्य कार्यालय, काठमाडौं**
सम्पर्क नं.: ०१-४२६१४५०
E-mail: csiokathmandu@gmail.com
कार्यालय प्रमुखः श्रीकृष्ण आचार्य

६. **उद्योग तथा वाणिज्य कार्यालय, काभ्रेपलाञ्चोक**
सम्पर्क नं.: ०११-४९०१५४/४९०९७८
E-mail: csio.kavre123@gmail.com
कार्यालय प्रमुखः रबिन घिमिरे

७. **उद्योग तथा वाणिज्य कार्यालय, धादिङ**
सम्पर्क नं.: ०१-०५२०१७७
E-mail: dhadingcsio@gmail.com
कार्यालय प्रमुखः चुडामणी पुरी

८. **उद्योग तथा वाणिज्य कार्यालय,नुवाकोट**
सम्पर्क नं.: ०१-०५६०५१३
E-mail: csionuwakot@gmail.com
कार्यालय प्रमुखः सिताराम घिमिरे

९. **उद्योग तथा वाणिज्य कार्यालय, रसुवा**
सम्पर्क नं.: ०१-०५४०१४०
E-mail: csidbrasuwa@gmail.com
कार्यालय प्रमुखः रमेश पौडेल

१०. **उद्योग तथा वाणिज्य कार्यालय, सिन्धुपाल्चोक**
सम्पर्क नं.: ०१-१६२०१२९
E-mail: sipagharelu@gmail.com
कार्यालय प्रमुखः त्रिपुरारी बख्रेल

११. **उद्योग तथा वाणिज्य कार्यालय, दोलखा**
सम्पर्क नं.: ०४९-२२११२६
E-mail: csidbdolakha@gmail.com
कार्यालय प्रमुखः भास्कर ढुङ्गाना

१२. **उद्योग तथा वाणिज्य कार्यालय, रामेछाप**
सम्पर्क नं.: ०४८-५४००३६
E-mail: ocsi.ramechhap@bagmati.gov.np
कार्यालय प्रमुखः खेमराज घिमिरे

१३. **उद्योग तथा वाणिज्य कार्यालय, सिन्धुली**
सम्पर्क नं.: ०४७-५२०१२४
E-mail: csidbsindhuli@gmail.com
कार्यालय प्रमुखः टेकेन्द्र बहादुर मगर

# आ.व. ०८२/०८३मा भएका बजार अनुगमनका झलकहरू

















# आ.व. ०८२/०८३मा भएका बजार अनुगमनका झलकहरू



















# आ.व. ०८२/०८३मा उद्योग अनुगमनका झलकहरू



















# आ.व. ०८२/०८३मा उपभोक्ता सचेतना कार्यक्रमका झलकहरू





















# आ.व. ०८२/०८३मा भएका अन्य क्रियाकलापहरू



आ. व. ०८२/०८३ को उत्कृष्ट कर्मचारी सम्मान




अर्धबार्षिक प्रगति समिक्षा गोष्ठी



कार्यालय प्रमुखज्यूको स्वागत तथा बिदाई कार्यत्रम



मा. मन्त्री विन्दु श्रेष्ठज्यूबाट कार्यालय निरिक्षण



पुर्व मन्त्री मा. सुकुमाया तामाङज्यूबाट कार्यालय निरिक्षण



प्रदेश सचिव श्री हेमराज भुसालज्यूबाट कार्यालय निरिक्षण




मा. मन्त्री विन्दु श्रेष्ठज्यूबाट कार्यालय निरिक्षण




खानिखोला गाउँपालिकामा मा उद्योग प्रशासन सम्बन्धी अभिमुखिकरण

# आ.व. ०८२/०८३मा भएका अन्य क्रियाकलापहरू




एघारौं उद्योग दिवस मनाउँदै



उद्योग दिवसमा उद्यमी सम्मानित



एघारौं उद्योग दिवसमा सेवाग्राही सम्मान




उद्योग तथा वाणिज्य कार्यालय दोलखाबाट
सिकाई साटासाट कार्यक्रम




कर्मचारी क्षमता अभिविद्धि तालिम कार्यक्रम





बागमती प्रदेश सुशासन केन्द्रबाट कार्यालय अवलोकन



बागमती प्रदेश सुशासन केन्द्रबाट कार्यालय अवलोकन



कर्मचारी टिम बिल्डिङ कार्यक्रम



सेवाग्राहीहरू एकाद्वार सेवा प्रणालीबाट सेवा लिनु हुँदै



कार्यालय प्रमुख एवं कर्मचारीहरूबाट उद्योग तथा वाणिज्य कार्यालय, काठमाडौंको अवलोकन भएको



प्रविधि हस्तान्तरण कार्यक्रम



प्रविधि हस्तान्तरण कार्यक्रम



बागमति प्रद्रेश सभाका माननीय सद्रस्यज्यूहरूसँग कार्यालयमा आ.व.२०८३/०८४ को योजना तथा कार्यक्रम सिफारिसका लागि छलफलका क्रममा



कार्यालय प्रमुखज्यूबाट उद्योग तथा वाणिज्य कार्यालय, सिन्धुपाल्चोकको अवलोकन गर्नुभएको



कार्यालयका कर्मचारीहरू प्रविधि हस्तान्तरणका लागि मूल्याङ्कनमा सहभागी हुनुभएको

# आ.व २०८३/०८४ को उद्योग तथा वाणिज्य प्रशासन सम्बन्धी दस्तुर तथा जरिवाना

| कम्पनी/प्राइभेट फर्म साझेदारी फर्मको दर्ता दस्तुर | | | प्राइभेट फर्म नवीकरण दस्तुर र जरिवाना | | | साझेदारी फर्म नवीकरण दस्तुर र जरिवाना | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| क्र.सं. | पूँजी (रकम रू.) | नयाँ दर्ता दस्तुर | नविकरण दस्तुर ३५ दिनभित्र | ९० दिन भित्र | १ वर्ष सम्म | नविकरण दस्तुर ३५ दिनभित्र | ९० दिन भित्र | १ वर्ष सम्म | १ वर्ष नाघेपछि |
| १. | ३ लाख सम्म | १,५००/- | १,२००/- | १,५००/- | १,८००/- | २५०/- | ३७५/- | ५००/- | नियमित नवीकरण दस्तुरमा प्रति वर्ष शत प्रतिशत जरिवाना थप |
| २. | ३ लाख देखि ५ लाख सम्म | ३,०००/- | २,४००/- | ३,०००/- | ३,६००/- | ५००/- | ७५०/- | १,०००/- | |
| ३. | ५ लाख देखि १० लाख सम्म | ३,५००/- | ३,६००/- | ४,५००/- | ५,४००/- | ७००/- | १,०५०/- | १,४००/- | |
| ४. | १० लाख देखि २० लाख सम्म | ६,०००/- | ४,८००/- | ६,०००/- | ७,२००/- | ९५०/- | १,४२५/- | १,९००/- | |
| ५. | २० लाख देखि ५० लाख सम्म | १०,०००/- | ८,०००/- | १०,०००/- | १२,०००/- | १,६००/- | २,४००/- | ३,२००/- | |
| ६. | ५० लाख देखि १ करोड सम्म | १४,०००/- | ११,२००/- | १४,०००/- | १६,८००/- | २,२५०/- | ३,३७५/- | ४,५००/- | |
| ७. | १ करोड देखि ५ करोड सम्म | २२,०००/- | १७,६००/- | २२,०००/- | २६,४००/- | ३,५००/- | ५,२५०/- | ७,०००/- | |
| ८. | ५ करोड देखि १० करोड सम्म | २६,०००/- | २०,८००/- | २६,०००/- | ३१,२००/- | ४,१५०/- | ६,२२५/- | ८,३००/- | |
| ९. | १० करोडभन्दा माथि | ३०,०००/- | २४,०००/- | ३०,०००/- | ३६,०००/- | ४,८००/- | ७,२००/- | ९,६००/- | |

**दर्ता दस्तुर तथा जरिवाना सम्बन्धी थप विवरण**

१) दरखास्त दस्तुर रु १०० लाग्ने छ ।

२) प्रमाणपत्रको प्रतिलिपि जारी गर्दा रु ५०० दस्तुर लाग्ने छ ।

३) व्यावसायिक फर्म दर्ता गरी नवीकरण नगरेका उद्योग, फर्म (प्राइभेट र साझेदारी) र व्यवसायले संवत् २०८३ पौष मसान्तसम्म आर्थिक वर्ष २०८२/८३ सम्मको लाग्ने नवीकरण शुल्क दाखिल गरी नवीकरण गरेमा आर्थिक वर्ष २०८१/८२ भन्दा अगाडिका वर्षहरुमा लाग्ने जरिवाना छुट हुनेछ ।